
# लेखापरीक्षण प्रतिवेदन

# भक्तपुर नगरपालिका, भक्तपुर

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## भक्तपुर नगरपालिका, भक्तपुर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/244

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुख ज्यू,

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
रामेछाप ।

## कैफियत सहितको राय

हामीले भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.३० करोड ६४ लाख ७४ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.८५ लाख ८० हजार समेत गरी रु.३१ करोड ५० लाख ५४ हजार समावेश गरेको छैन ।

2. नगरपालिकाको रु.३ अर्ब ७२ करोड ८७ लाख ४७ हजारको लेखापरीक्षण गरिएकोमा रु.५ करोड १८ लाख ३८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.७४ लाख ८२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.३ करोड २६ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.६५ लाख ५० हजार, नियमित गर्नुपर्ने रु.१९ लाख ६६ हजार र पेश्की फछ्र्यौट गर्नुपर्ने रु.३२ लाख १० हजार रहेको छ । गत वर्षसम्म रु.34 करोड 93 लाख 66 हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु.१५ करोड ९० लाख ८३ हजार फछ्र्यौट गरी रु.१९ करोड २ लाख ८४ हजार बाँकी रहेकोमा यो वर्षको रु.४ करोड ४३ लाख ५६ हजार थप भई हालसम्मको अद्यावधिक बेरुजु रु.२३ करोड ४६ लाख ४० हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

3. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिका, ... नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६८ | ५१ | ५,१८,३८,३३६ | ० | १९ | ७४,८२,०११ | ० | ६८ | ३२ | ४,४३,५६,३२४ | ३,२६,२९,९९४ | १९,६६,३३३ | ६५,५०,००० | ० | ० | ८५,१६,३३३ | ३२,१०,००० |

अद्यावधिक बेरुजू स्थिति रु. हजारमा

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भक्तपुर | ३४९३६६ | ० | १५९०८३ | १९०२८४ | ० | ४४३५६ | २३४६४० |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७५/७६ | ७५ | पेश्की बाँकी | १५,००,००० |
| २ | २०७५/७६ | ७५ | पेश्की बाँकी | ५,००,००० |
| ३ | २०७५/७६ | ७५ | पेश्की बाँकी | ४,००,००० |
| ४ | २०७५/७६ | ५७ | मूल्य समायोजन पेश नगरेको | २,९३,४२६ |
| ५ | 2076/७७ | ७२ | पेश्की बाँकी | १० ,००,००० |
| ६ | 2076/७७ | ७५ | पेश्की बाँकी | २५,८०,००० |
| ७ | 2076/७७ | ६८ | पेश्की बाँकी | २,००,००० |
| ८ | 2076/७७ | ६८ | पेश्की बाँकी | ३,००,००० |
| ९ | २०७७/७८ | ५ | पेश्की बाँकी | ३,१२,६८,७५२ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०७७/७८ | ७.२ | शिक्षा | १,१३,५६,२०० |
| ११ | २०७८/७९ | ४६ | कक्षा ८ को परिक्षा व्यवस्थापन | १४,५४,०७७ |
| १२ | २०७८/७९ | ३४ | कल्याणकारी कोषबाट ज्यालादारी कर्मचारीलाई सुविधा – | ४,०५,५६३ |
| १३ | २०७८/७९ | २४ | पेश्की व्यवस्थापन | २,२३,७७,३५० |
| १४ | २०७८/७९ | १६ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १०,००,००० |
| १५ | २०७८/७९ | ३३ | सोझै खरिद - | ४५,८८,७८४ |
| १६ | २०७८/७९ | १८ | सहयोगी सहजकर्ता (ECD) | ३,३२,००० |
| १७ | २०७९/८० | २० | फरक बजेट शिर्षक राखी खर्च | ७,५०० |
| १८ | २०७९/८० | १३ | पेश्की बाँकी- | १,९९,०३,४०० |
| १९ | २०७९/८० | ४७ | धरौटी | १३,०२,५१८ |
| २० | २०७९/८० | ३७ | ज्यालादारी कर्मचारीलाई उपदान | ३७,३३,४७४ |
| २१ | २०७९/८० | ३२ | ग्रेड | ३,१२,२४३ |
| २२ | २०७९/८० | ४०.१, ४०.२, ४०.३, ४०.४ | संघीय हस्तान्तरित सशर्त अनुदान (शिक्षातर्फ) | ५४,६७,४४० |
| २३ | २०७९/८० | ४६ | सोझै खरिद | ४९,५७,७७४ |
| २४ | २०७९/८० | २८ | समपुरक अनुदान | १,२०,२३,३५९ |
| २५ | २०७९/८० | २९ | इन्डक्सन चुलो | ७,८८,१७५ |
| २६ | २०७९/८० | ७.९ | श्री देको मिवा इतापाके जग्गा एकिकरण आयोजनातर्फ | १,१२,७५,००० |
| २७ | २०७९/८० | ४३.११, ४३.१२ | श्री ख्वप कलेजतर्फ- | १,०३,५०० |
| २८ | २०७९/८० | ४४.१२ | श्री ख्वप कलेज अफ इन्जिनियरिङतर्फ | ६,३९,५३५ |
| २९ | २०७९/८० | ४५.४, ४५.१२ | श्री ख्वप उच्च माध्यमिक विद्यालयतर्फ | १७,७४,५७७ |
| ३० | २०७९/८० | ४२.१० | श्री ख्वप इन्जिनियरिङ कलेजतर्फ | ६,९३,८४५ |
| ३१ | २०७९/८० | ५०.८, ५०.९, ५०.१०, ५०.११, ५०.१२ | श्री ख्वप अस्पताल भवन निर्माण आयोजनातर्फ | ४२,३४,८१३ |
| ३२ | २०७९/८० | ४९.४, ४९.७ | श्री ख्वप अस्पतालतर्फ - | १,१३,७१,२८० |
| ३३ | २०७९/८० | ३४ | शिर्षक फरक खर्च | ८५,१६७ |
| ३४ | २०७९/८० | ४५ | शिक्षकको तलब भत्ता | ६५,५५० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३५ | २०७९/८० | ५१ | भुक्तानी बाँकीको विवरण | ७,००,८२६ |
| ३६ | २०७९/८० | २१ | बढी भुक्तानी | ८७,२६० |
| ३७ | २०८०/८१ | 30.२ | आन्तरिक लेखापरीक्षण तर्फ | २,००० |
| ३८ | २०८०/८१ | ३६ | कार्य सम्पन्न प्रतिवेदन | ३१,००,००० |
| ३९ | २०८०/८१ | ४० | पेश्की बाँकी | १५,००,००० |
| ४० | २०८०/८१ | २३ | रित पूर्वकको कर विजक | १०,४०० |
| ४१ | २०८०/८१ | २५ | लागत अनुमान देखि कार्य सम्पन्न सम्म | २८,००,००० |
| ४२ | २०८०/८१ | ३४.४ | सामाजिक सुरक्षा तथा संरक्षण | ६९,६११ |
| जम्मा | | | | १६,६५,६५,३९४ |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|

# (८०३३३४०२३०० - भक्तपुर नगरपालिका, भक्तपुर )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु भक्तपुर नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा रहेका छन भने क्षेत्रफल ६.८८ वर्ग किलोमिटर तथा ७८,८५४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य**

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि**

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।०६ देखि २०८१।१०।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति**

पालिकाको आय – व्ययतर्फ रु.३ अर्ब ७२ करोड ८७ लाख ४७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली**

नपाउने बैठक भत्ता भुक्तानी भएको रु.२४,००० लेखापरीक्षणको क्रममा असुल भई मिति २०८१ चैत्र ८ गते नेपाल बैंक लिमिटेडको राजश्व शीर्षक नं १५१११ मा भौचर नं १३८३५१ बाट दाखिला प्रमाण पेश भएको छ ।

२ **एकीकृत वित्तीय वित्तीय विवरण**

भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को एकीकृत वित्तीय विवरण

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| शीर्षक | | रकम | शीर्षक | | रकम |
| | गत वर्षको जिम्मेवारी | | १ | चालु | ८१००८७७९७ |
| १ | बैंक मौज्दात | २५६२४०१३३ | २ | पूँजीगत | ३७५३८९६९७ |
| | | | ३ | वित्तिय | १०६४८४६८४ |
| २ | यस वर्षको धरौटी आम्दानी अ.ल्या सहित | ८९७७१४९७ | ४ | धरौटी फिर्ता | १२२०५९५५ |
| ३ | आन्तरिक राजश्व आम्दानी | | ५ | कोष खर्च | |
| | आन्तरिक राजश्व | ६१९९३१६१७ | | बिबिध खर्च कोष खाता | ८३४६०४३ |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | २९७२४७२० | | युवा उद्यमशील ऋण खाता | ६००००० |
| | राजश्व बाँडफाँड संघीय सरकार | ७५३४९७३५ | | शैक्षिक ऋण खाता | ३३८३६८८० |
| | राजश्व बाँडफाँड स्थानीय सरकार | ४७६७१९ | | प्रकोप व्यवस्थापन कोष | २५६००० |
| ४ | संघीय सरकारबाट प्राप्त अनुदान | | | कर्मचारी कल्याण कोष | ३८१०७१२४ |
| | वित्तीय समानिकरण अनुदान | १८९४४१००० | ६ | सामाजिक सुरक्षा | |
| | सशर्त अनुदान | ४१४९२९००० | | सामाजिक सुरक्षा तथा सुरक्षण कार्यक्रम | ३०६४७४६४७ |
| | समपुरक अनुदान | ५०००००० | | स्वास्थ्य क्षेत्र विकास कार्यक्रम | ८५८०००० |
| | विशेष अनुदान | २५०००००० | | | |
| ५ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | मौज्दात | |
| | वित्तीय समानिकरण अनुदान | २२४१७००० | | सञ्चित कोष मौज्दात | ३०९२८५८९७ |
| | सशर्त अनुदान | २५५९४००० | ७ | धरौटी | ७७५६५५४२ |
| | समपुरक अनुदान | | | बिबिध खर्च कोष खाता | १५३९५७ |
| | विशेष अनुदान | ० | | युवा उद्यमशील ऋण खाता | २९४००००० |
| ६ | विभिन्न कोष तर्फको आय | | | शैक्षिक ऋण खाता | १४६१६५६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | बिबिध खर्च खाता कोष | ८५००००० | | प्रकोप व्यवस्थापन कोष | ७९८४१९२ |
| | युवा उद्यमशील ऋण खाता | ३००००००० | | कर्मचारी कल्याण कोष | १९२१२५५७ |
| | शैक्षिक ऋण खाता | ४८४५३४४८ | | फिर्ता | |
| | प्रकोप व्यवस्थापन कोष | ८२४०१९२ | | संघीय अनुदान फिर्ता | ५५७४१४३२ |
| | कर्मचारी कल्याण कोष | ५७३१९६८१ | | प्रदेश अनुदान फिर्ता | ७११४४१७ |
| ८ | सामाजिक सुरक्षा | | | | |
| | सामाजिक सुरक्षा तथा सुरक्षण कार्यक्रम | ३०६४७४६४७ | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८५८०००० | | | |
| | **जम्मा** | **२२२१६०३१६२** | | **जम्मा** | **२२२१६०३१६२** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण विश्लेषण**

३.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसारको व्यहोरा देखिएको छः

**प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)**

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | २४५२९०३६५.२१ | ० | २४५२९०३६५.२१ | २५४९५०६६३.२२ | ० | २५४९५०६६३.२२ |
| १३००० | अनुदान | ६१९५२५११५०.९४ | ० | ६१९५२५११५०.९४ | ६८६७६७८६६.७ | ० | ६८६७६७८६६.७ |
| १४००० | अन्य राजस्व | ४५६८९७६१९.८२ | ० | ४५६८९७६१९.८२ | ३२४०३८१३०.३६ | ० | ३२४०३८१३०.३६ |
| १५००० | विविध प्राप्ति | २३४५४५७८.६ | ० | २३४५४५७८.६ | ० | ० | ० |
| ३३१४३ | अन्य संस्थाहरूबाट ऋण प्राप्ति | ० | ० | ० | ४०४५४८७१. | ० | ४०४५४८७१. |
| क | कुल जम्मा प्राप्ति | १३४५१६७७१४.५७ | | १३४५१६७७१४.५७ | १३०६२११५३१.२८ | | १३०६२११५३१.२८ |
| ३ | चालु | ८१००८७७९७.४५ | ० | ८१००८७७९७.४५ | ८१९०६६९७१.९ | ० | ८१९०६६९७१.९ |
| २१००० | पारिश्रमिक / सुविधा | ५८९८२५९१५.१९ | ० | ५८९८२५९१५.१९ | ५७७४०९४६४.०१ | ० | ५७७४०९४६४.०१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १६८७०८४६०.९ | ० | १६८७०८४६०.९ | १७८३२९६११.७८ | ० | १७८३२९६११.७८ |
| २४००० | ब्याज सेवा शुल्क तथा बैंक कमिशन | ० | ० | ० | ४४९४५२०.५५ | ० | ४४९४५२०.५५ |
| २५००० | सहायता (Subsidy) | ४१२२८२००. | ० | ४१२२८२००. | ४६५९५३०८.५६ | ० | ४६५९५३०८.५६ |
| २७००० | सामाजिक सुरक्षा | ८८७०००००. | ० | ८८७०००००. | ११०७००००. | ० | ११०७००००. |
| २८००० | अन्य खर्च | १४५५२२१.३६ | ० | १४५५२२१.३६ | ११६८०६७. | ० | ११६८०६७. |
| ४ | पूंजीगत | ३७५३८९६९६.७१ | ० | ३७५३८९६९६.७१ | ३६६२९९३३०.५ | ० | ३६६२९९३३०.५ |
| ३१११० | भवन तथा संरचना | १२६४८४६५५. | ० | १२६४८४६५५. | ७८७१०५५४. | ० | ७८७१०५५४. |
| ३११२० | सवारी साधन मेशिनरी औजार | ७७१९२७७२. | ० | ७७१९२७७२. | ७०३११३८. | ० | ७०३११३८. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | फर्निचर्स तथा फिक्चर्स | | | | | | |
| ३११३० | अन्य पूँजीगत खर्च | १३४७५२. | ० | १३४७५२. | २६९६२६१. | ० | २६९६२६१. |
| ३११५० | सार्वजनिक निर्माण | १६९६४८८१५.७१ | ० | १६९६४८८१५.७१ | २७७५१२०१७.५ | ० | २७७५१२०१७.५ |
| ३१४१० | जग्गाप्राप्ति खर्च | १९२८७०२. | ० | १९२८७०२. | ३४९३६०. | ० | ३४९३६०. |
| ५ | वित्तीय | १०६४८४६८४.११ | ० | १०६४८४६८४.११ | २००००००. | ० | २००००००. |
| ३२१४३ | अन्यसंस्थामा ऋण लगानी | ५००००००. | ० | ५००००००. | २००००००. | ० | २००००००. |
| ३३१४७ | अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानी | ५६४८४६८४.११ | ० | ५६४८४६८४.११ | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | १२९१९६२१७८.२७ | | १२९१९६२१७८.२७ | १२०५३६६३०२.४ | | १२०५३६६३०२.४ |
| ग) | बचत /कमी (ग = क-ख ) | ५३२०५५३६.३ | | ५३२०५५३६.३ | १००८४५२२८.८८ | | १००८४५२२८.८८ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १०३६५३०८. | | १०३६५३०८. | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ६३५७०८४४.३ | | ६३५७०८४४.३ | १००८४५२२८.८८ | | १००८४५२२८.८८ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २५६२४०१३३.१८ | | २५६२४०१३३.१८ | १५५३९४९०४.३ | | १५५३९४९०४.३ |
| छ) | विनिमय | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नाफा/घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३१९८१०९७७.४८ | | ३१९८१०९७७.४८ | २५६२४०१३३.१८ | | २५६२४०१३३.१८ |

३.२ **जिम्मेवारी अल्या** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.२५,६२,४०,१३३ मौज्दात रहेकोमा यो वर्ष रु.२५,६२,४०,१३३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको मौज्दात र सुत्रमा जिम्मेवारी सारेको रकम बराबर रहेको छ ।

३.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३०,६४,७४,६४६.८१, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.८५,००,०००, र अन्य रु.१७,५६,७४,२६५.१४ समेत गरी रु.४९,०७,२८,९११.९५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.४ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.६२ करोड ४ लाख ८ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु.१ अर्ब २५ करोड ५१ लाख ८४ हजार समेत रु.१ अर्ब ८७ करोड ५५ लाख ९२ हजार आम्दानी भएकोमा चालु तर्फ रु.८१ करोड ८७ हजार र पूँजीगत तर्फ रु.३७ करोड ५३ लाख ८९ हजार, वित्तीय व्यवस्था तर्फ रु.१० करोड ६४ लाख ८४ हजार र विभिन्न कोष तर्फ रु.३९ करोड ६१ लाख ९९ हजार समेत रु.१ अर्ब ६८ करोड ८१ लाख ५९ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३६.७५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.७५ लाख ६८ हजार खर्च भएको छ जुन आन्तरिक आयको १.२१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४३.१९ प्रतिशत चालु, २०.०१ प्रतिशत पूँजीगत, ५.६७ प्रतिशत वित्तीय व्यवस्था र २१.१२ प्रतिशत सामाजिक सुरक्षा र विभिन्न कोष तर्फ खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेता पनि पूर्ण रुपमा कार्यान्वयन नगरेको,

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा आंशिक रुपमा गरेको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को ६२ बमोजिम राजस्व संकलनमा प्रयोग भएको सूचना प्रविधी प्रणाली महालेखा नियन्त्रक कार्यालयको स्वीकृती वेगर संचालनमा ल्याएको,
- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) मा तोकिए बमोजिम प्रदेश लोक सेवा आयोगमा रिक्त पदको सूचना नदिएको,
- भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ अनुसार सहकारी संस्थाको अनुगमन नगरेको,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, लेखाङ्कन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक नगरेको,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिबाट भएका निर्माण कार्य सम्पन्न गरिसके पछि सार्वजनिक निकायले भौतिक संरचना लगाएत विभिन्न विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा विगत वर्ष देखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा बजेट विनियोजन हुन सक्ने देखिएको,
- सवारी इन्धन खर्चको लगबुक र मर्मत अभिलेख किताब राख्नुपर्नेमा नराखेको,
- भवन संहिता ऐन, २०५५ अनुसार भवन संहिता पालना नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **बजेट पेश पारित र खर्च**

५.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सो को सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरण को खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुईवर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडासमितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा गरी सोही बमोजिम समयावधिमा कार्यान्वयन गर्नुपर्दछ ।

५.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्थाअनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

५.३ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार

मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप-प्रमुखले मिति २०८०।८१ मा रु.२ अर्ब २६ करोड लाख ९४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८० आषाढ २० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८० आषाढ २५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

५.४ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहायबमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु. हजारमा) | | | | आषाढ महिनाको खर्च (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पूँजीगत खर्चतर्फ | ३७५३८९ | २८२४३ | ८०४४६ | ६७९३० | १९८७७० | १०५३२४ |
| प्रतिशत | १०० | ७.५२ | २१.४३ | १८.१० | ५२.९५ | २८.०५ |

उल्लेखित विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा रु.३७ करोड ५३ लाख ८९ हजार पूँजीगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु.२ करोड ८२ लाख ४३ हजार (७.५२प्रतिशत), दोस्रो त्रैमासिकमा रु.८ करोड ४ लाख ४६ हजार (२१.४३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.६ करोड ७९ लाख ३० हजार (१८.१० प्रतिशत) र चौथो त्रैमासिकमा रु.१९ करोड ८७ लाख ७० हजार (५२.९५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड ५३ लाख २४ हजार (२८.०५ प्रतिशत) खर्च देखिनुले उक्त समयमा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको पाइएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने हुँदा नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ उपदफा २(क) मा बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई तयार गरेको अन्तिम प्रस्ताव बमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | वार्षिक बजेटको तुलनामा शीर्षकगत विनियोजना प्रतिशत | कुल खर्चको तुलनामा शीर्षकगत खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ११६०४४३८०. | ९६१८३७१२.११ | ६.२९ | ७.४० |
| २ | सामाजिक विकास | ८२०१२३८६९. | ६५८०२७२७०.९४ | ४४.४३ | ५०.६० |
| ३ | पूर्वाधार विकास | ४६९४१०६१०. | १८४७८६४८८.७१ | २५.४२ | १४.२१ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धीत क्षेत्र | ५६८४१४१. | २७४६५३४. | ९.३१ | ०.२२ |
| ५ | कार्यालय सञ्चालन तथाप्रशासनिक | ४३४७००००० | ३५८५६४२१५.५१ | २३.५५ | २७.५७ |
| | | १८४५९६३००० | १३००३०८२२१.२७ | १०० | १०० |

उल्लेखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक विकासमा सबैभन्दा बढी विनियोजित बजेटको तुलनामा ४४.४३ प्रतिशत प्रगति हासिल भएको छ भने आर्थिक विकासमा सबै भन्दा घटी विनियोजित बजेटको तुलनामा ६.२९ प्रतिशत रहेको

छ । त्यसैगरी वार्षक बजेट खर्चको तुलनामा सबै भन्दा बढी सामाजिक विकासमा ५०.६० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ०.२२ प्रतिशत बजेट खर्च भएको छ । तसर्थ पालिकाले आवश्यक्ताको आधारमा सबै क्षेत्रमा सन्तुलित विकास मार्फत जनताको जीवनस्तर सुधार गर्ने गरी बजेट विनियोजन र कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

५.६ **अनुदान फिर्ता** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ वित्तीय हस्तानतरणको रकममध्ये सम्बन्धीत आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको यस आर्थिक वर्षमा संघीय सरकाको अनुदान र प्रदेश सरकारको अनुदानको प्राप्ती, बजेट खर्च र अनुदान फिर्ताको विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

| | **(रु. हजारमा)** | | | |
|---|---|---|---|---|
| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **फिर्ता रकम** |
| संघीय सरकारबाट | शसर्त | ४१२९२९ | ३६०५४० | ५२३८९ |
| | विषेश | २५००० | २५००० | ० |
| | समपुरक | ५००० | ३६४७ | १३५३ |
| प्रदेश सरकारबाट | शसर्त | २५५९४ | १८४७९ | ७११४ |
| | विषेश | ० | ० | ० |
| | समपुरक | ० | ० | ० |
| **जम्मा** | | ४७०५२३ | ४०७६६७ | ६०८५६ |

पालिकाले संघीय सरकारबाट रु.४४ करोड २९ लाख २९ हजार अनुदान प्राप्त भएकोमा रु.३८ करोड ९१ लाख ८७ हजार खर्च भएको छ भने बाँकी रहेको रु.५ करोड ३७ लाख ४२ हजार मिति २०८१ आषाढ २८ गते संघीय सञ्चित कोषमा फिर्ता गरेको छ । प्रदेश सरकारबाट रु.२ करोड ५५ लाख ९४ हजार अनुदान प्राप्त भएकोमा रु.१ करोड ८४ लाख ७९ हजार खर्च भएको छ भने बाँकी रहेको रु.७१ लाख १४ हजार मिति २०८१ आषाढ २८ गते प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ ।

## ६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोतअन्तर्गत खानी, जंगल तथा अन्यस्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्कसम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## ७ योजना तर्जूमा र कार्यान्वयन

७.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दीर्घकालीन विषय भन्दा साल वसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७.२

**वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यो वर्ष रु.३७ करोड ५३ लाख ८९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना बनाएता पनि पूर्ण रुपमा लागु गरेको देखिएन । अतः पालिकाले बार्षिक खरिद योजना/गुरुयोजनाको पूर्ण पालना हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७.३ **योजना छनौट र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागित मूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **विवरण** | **योजना संख्या** | **सम्झौता रकम** |
|---|---|---|---|
| १ | १ लाखदेखि माथी रु.१० लाख सम्मका योजना | १३ | ८१,५०,३०८.०१ |
| २ | रु.१० लाख देखि माथी रु.२५ लाख सम्मका योजना | २६ | २,८६,४८,३९०९२ |
| ३ | रु.२५ लाख भन्दा माथीका योजना | ४६ | ३०,२९,७८,३०१.२० |
| **जम्मा** | | **८५** | **३३,९७,७६,९९९.२१** |

उल्लेखित विवरण अनुसार पालिकाले यो वर्ष जम्मा ८५ वटा योजना तर्जूमा गरी रु.२४ करोड ५५ लाख ९७ हजार खर्च गरेको छ । कुल योजना मध्ये रु.१० लाख भन्दा कम लागतका १३ वटा योजनामा रु.८१ लाख ५० हजारको सम्झौता गरेको छ । पालिकाले साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी हासिल गर्न कठिनाइ हुने, साना तथा वितरणमूखी योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुने, प्रशासनिक खर्चमा बढोत्तरी हुने तथा योजनाको अनुगमन गर्न कठिन हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना तर्जुमा गरी कार्यान्वनय गर्नुपर्दछ ।

७.४ **ठेक्का बन्दोबस्त** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वियन तालिका बनाउँदा कार्यान्वियन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधी भित्र सम्पन्न गरी बजेट प्रस्ताव गर्ने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ । **(रु. हजारमा)**

| **कार्यक्रम/ शीर्षक** | | **खरिद सम्झौता** | | | | | | | | | **यस वर्ष सम्पन्न** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **कुल जम्मा** | | **प्रथम त्रैमासिक** | | **दोस्रो त्रैमासिक** | | **तेस्रो त्रैमासिक** | | **चौथो त्रैमासिक** | | **यो वर्ष सम्पन्न** | |
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| **बोलपत्रबाट** | ६ | १०२४६७ | ० | ० | ३ | २२५६३ | ३ | ७९९०४ | ० | ० | ६ | १०३८२७ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागि रु.१० करोड २४ लाख ६७ हजार लागतको ६ वटा ठेक्का बन्दोबस्त गरेकोमा दोस्रो त्रैमासिकमा रु.२ करोड २५ लाख ६३ हजार लागतको ३ ठेक्का र तेस्रो त्रैमासिकमा रु.७ करोड ९९ लाख ४ हजार लागतको ३ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यस वर्ष सम्झौता भएका मध्ये सबै ठेक्का सम्पन्न भएको देखिन्छ । ठेक्का व्यवस्थापन ढिलो हुँदा वर्षको अन्त्य तिर आयोजना निर्माण कार्य सम्पन्न गर्न समयको चाप पर्ने र गुणस्तर कायम गरी ठेक्का सम्पन्न गर्न कठिनाई हुने हुँदा नियमावलीमा तोकिएको तोकिएको अवधी भित्र ठेक्का बन्दोबस्तको कार्य गर्नुपर्दछ ।

७.५

**निर्माण कार्य व्यवस्थापन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ । **(रु. हजारमा)**

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | | गत विगत वर्षको योजना | |
|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| ८५ | ६ | १०२४६७ | ७९ | २३७३१० | २ | ३९५९० |

यो वर्ष पालिकाले सञ्चालन गरेका कुल ८५ योजना मध्ये ठेक्का मार्फत ६ वटा योजनामा रु.१० करोड २४ लाख ६७ हजारमा सम्झौता गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ७९ योजनामा रु.२३ करोड ७३ लाख १० हजारको सम्झौता गरेको छ । अर्थात् पालिकाले यस वर्ष सञ्चालन गरेका ८५ योजना मध्ये ७.०६ प्रतिशत योजना ठेक्का प्रकृया मार्फत र ९२.९४ प्रतिशत योजना उपभोक्ता समिति मार्फत् सञ्चालन गरेको देखिन्छ । ठेक्का प्रकृया मार्फत सञ्चालन भएका आयोजनामा लागत अनुमानको तुलनामा ५७ प्रतिशत सम्म घटीमा कार्य भएको छ भने उपभोक्ता समिति मार्फत भएका कार्यमा लागत अनुमान बरारमा कार्य सम्पन्न भएको छ । तसर्थ पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नुपर्छ ।

७.६ **उपभोक्ता समिति परिचालन -** पालिकाले यो वर्षको वार्षिक योजना तथा कार्यक्रम अनुसार सञ्चालित विभिन्न भौतिक पूर्वाधार लगायत निर्माण योजनाहरुमा रु.३३ करोड ९७ लाख ७७ हजारमा सम्झौता गरेको छ । उक्त योजना मध्ये ६ वटा कार्य बोलपत्रद्धारा गरेको छ भने ७९ वटा कार्य उपभोक्ता समिति मार्फत गराई रु.२३ करोड ७३ लाख १० हजारमा सम्झौता गरेको छ । यस सम्बन्धमा देहायका व्यहोराहरु देखिएका छन् :

**(क) उपभोक्ता समिति दर्ता -** पालिकाले उपभोक्ता समितिमार्फत कार्य गराउने प्रयोजनको लागि उपभोक्ता समिति दर्ता गर्ने र सो को अभिलेख राख्ने कार्य विधि तयार गरी लागु गरेको छैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेकोमा मान्यता प्राप्त हुने गरी दर्ता भएको देखिएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भार कार्यमा जिम्मेवार बनाउन कठिनाई हुने भएकाले उपयुक्त कार्यविधि स्वीकृत गरी स्थायी संयन्त्र मार्फत काम गर्ने, गराउने गरी प्रणालीको विकास गर्नुपर्दछ ।

**(ख) आयोजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समितिमार्फत सञ्चालन भएका आयोजनाहरु सञ्चालन भईसके पश्चात् समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्बन्धीत समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गरेको छैन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्नुपर्दछ ।

**(ग) हेभि-ईक्विपमेन्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभि मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उपनियम ९(क) अनुसार सो विपरीत हेभि मेशिन प्रयोग गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धीत योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभि मेशिन प्रयोग गर्ने गरेको भएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धीत प्राविधिकको सिफारिस गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको देखिएन ।

**(घ) जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन औजार, उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर सी सी फ्रेम स्ट्रक्चर सहितका भवन, पुल कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराएको छ । यस्ता कार्यहरु व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको प्रतिस्पर्धात्मक विधि मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

**(ङ) मर्मत सम्भार कोष** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम १५ मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्नुपर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको देखिएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाईएकोले निर्मित आयोजनाहरुको सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गर्नुपर्दछ ।

७.७ **ठेक्का प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । यो वर्ष ठेक्का प्रतिस्पर्धाको माध्यमबाट सञ्चालन भएका योजनाको विवरण देहाय बमोजिम रहेको छः

| सि नं | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान(भ्याट बाहेक ) | कबोल रकम (भ्याट बाहेक ) | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | शित भण्डारण गृह भवन निर्माण कार्य (दोस्रो चरण) | ७ | १,१३,०८,३९९।८२ | ७८,०२,३२५।२० | ३१.०० | Poudel Construction, Dillibazar, Kathmandu |
| २ | हनुमन्ते खोला सुधार (तेस्रो चरण) | १३ | १,१७,४६,५३३।१४ | ५०,३४,८७९।२१ | ५७.१४ | Samaj Sewa Construction, Gatthaghar, Bhaktapur |
| ३ | बेखाल कभर्ड हल निर्माण कार्य (तेस्रो चरण) | ४ | १,२१,८२,४६७।८८ | ७१,३०,३४०।५२ | ४१.४७ | Samaj Sewa Construction, Gatthaghar, Bhaktapur |
| ४ | अरनिको सभा भवन निर्माण कार्य (पहिलो चरण : हलकोMat Foundation04) | १० | ८,९३,९८,६५४।०० | ५,५७,९४,७४१।४९ | ३७.५९ | R.B. Siddhartha-J.A. Engineering-Purna Binayak JV, Kageshwori Manohara २Municipality-9, Kathmandu |
| ५ | भ.न.पा. वडा नं. ४, ७, ८ र १० का विभिन्न क्षेत्रमासडक स्तरोन्नती कार्य | २ | १,२७,३२,७६९।६१ | १,००,८५,१४२।०२ | २०.७९ | Sunakhari Builders Pvt. Ltd., Godawari Municipality-11, Lalitpur |
| ६ | तरकारी बजार पूर्वाधार निर्माण कार्य | ९ | ९२,०९,५५६।०४ | ४८,३१,८९३।४३ | ४७.५३ | Golden Star Construction and Suppliers Pvt. Ltd., Gatthaghar, Bhaktapur |

उल्लेखित विवरण अनुसार आयोजनाको ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी हनुमन्ते खोला सुधार (तेस्रो चरण) मा लागत अनुमानको तुलनामा ५७.१४ प्रतिशत घटीमा सम्झौता भएको छ भने सबै भन्दा कम भक्तपुर नगरपालिका वडा नं. ४, ७, ८ र १० का विभिन्न क्षेत्रमासडक स्तरोन्नती कार्य मा लागत अनुमानको तुलनामा २०.७९ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको छ । ठेक्काको घटी प्रतिशत बढ्दै जाँदा लागत अनुमान यथार्थपरक नभएको हुँन सक्ने, गुणस्तर आश्वस्तता सुनिश्चित गर्न, अनुगमन कार्य र गुणस्तर परीक्षण कार्य गर्न कठिनाई हुने अवस्था रहने हुँदा सो समेत विचार गरी कार्य गराउनु पर्दछ ।

७.८ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

७.९ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा तोकिएको समयभित्र निर्माण व्यवसायीले सम्बन्धीत सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी/गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने व्यवस्था छ । पालिकाद्धारा सञ्चालित देहायका आयोजनाहरु निर्धारित समयमा सम्पन्न नभई म्याद थप गरी कार्य सम्पन्न गरेको देखिन्छ । सम्झौतामा उल्लेखित समयावधिमा सम्पन्न नभई म्याद थपबाट कार्य सम्पन्न गरेको विवरण देहाय बमोजिम रहेको छः

| **ठेक्का नं** | **ठेक्काकोविवरण** | **सम्झौता मिति** | **सम्झौतारकम (भ्याट सहित)** | **सम्पन्नगर्नुपर्ने मिति** | **हाल सम्मको भुक्तानी** | **म्याद थप अबधि** | **सुरु अवधिको म्याद थप प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| bktmun/NCB/works/01/080/81 | शित भण्डारण गृह भवन निर्माण कार्य (दोस्रो चरण) | २०८० पौष ०५ | ८८१६६२७ | २०८१ जेठ ३२ | ७७२४६७४ | २०८१ साउन ३२ | ३५.८० |
| bktmun/NCB/works/02/080/81 | हनुमन्ते खोला सुधार (तेस्रो चरण) | २०८० पौष ०१ | ५६८९४१३ | २०८१ वैशाख ३१ | ५२८९२६७ | २०८१ असार ३१ | ४२.५७ |
| bktmun/NCB/works/03/080/81 | बेखाल कभर्ड हल निर्माण कार्य (तेस्रो चरण) | २०८० पौष ०१ | ८०५७२८४ | २०८१ वैशाख ३१ | ८५३८४४२ | २०८१ असार ३१ | ४२.५७ |
| bktmun/NCB/works/04/080/81 | अरनिको सभा भवन निर्माण कार्य (पहिलो चरण : हलकोMat Foundation04) | २०८० चैत २० | ६३०४८०५७ | २०८१ असार १५ | ६२२८७२२७ | २०८१ मंसिर १५ | १७५ |
| bktmun/NCB/works/05/080/81 | भनपा वडा नं. ४, ७, ८ र १० का विभिन्न क्षेत्रमासडक स्तरोन्नती कार्य | २०८० चैत ०७ | ११३९६२१० | २०८० जेठ ३२ | १०१३३७८७ | २०८१ असार १० | ११.६३ |

पालिकाले उपलव्ध गराएको विवरण अनुसार सबै भन्दा बढी अरनिको सभा भवन निर्माण कार्य पहिलो चरणको काममा सुरुमा सम्पन्न गर्ने समयावधीको १७५ प्रतिशत सम्म म्याद थप गरेको छ भने सबै भन्दा कम भनपा वडा नं. ४, ७, ८ र १० का विभिन्न क्षेत्रमासडक स्तरोन्नती कार्य ११.६३ प्रतिशत म्याद थप गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार निर्धारित समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई पूर्वनिर्धारित क्षतिपूर्ती लगाई कार्य सम्पन्न गर्नुपर्नेमा सो समेत गरेको देखिएन । तसर्थ पालिकाले सार्वजनिक निर्माण कार्य गराउँदा सार्वनजिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार कार्य सम्पन्न गर्ने तर्फ पहल गर्नुपर्दछ ।

७.१० **जटिल संरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चरसहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने

पूर्वाधार संरचना निर्माण कार्यसमेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवं व्यवस्थापन गर्नुपर्छ । तसर्थ निर्माण कार्य गराउँदा निर्माण व्यवसायीबाट प्रतिस्पर्धात्मक तबरले खरिद नगरी उपभोक्ता समितिबाट गराउनु उपयुक्त देखिएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:

| **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| भ.न.पा. वडा नं १० मा डिप बोरिङ्ग खानेपानी योजना उ स रामभक्त थकुलवट | भनपा १० मा डिप बारिङ्ग खानेपानी आयोजना (पहिलो चरण: Setting of Machine & Equipment / Boring and Testing) | ३२,९३,३२८ |
| कमलविनायक प्लानिङ्गमा पिच तथा पेटी निर्माण कार्य उपभोक्ता समिति | सडक पिच तथा पेटी निर्माण | २१,८०,००० |

७.११ **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा कार्यालयले अनुसूची २ मा तोकिएको ढाँचामा कार्यालयको लक्ष्य प्रगति तयार गरी तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, जिल्ला तथा केन्द्रीयस्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । पालिकाले यस वर्ष सञ्चालन गरेका पूँजीगत तर्फका ८५ वटा आयोजना मध्ये शून्य प्रगति हासिल गरेको संख्या १, २५ प्रतिशत सम्म प्रगति हासिल गरेको संख्या ४, ५० प्रतिशत सम्म प्रगति हासिल गरेको संख्या १४, ७५ प्रतिशत सम्म प्रगति हासिल गरेको संख्या ६० वटा र १०० प्रतिशत प्रगति हासिल गरेको संख्या ६ वटा रहेका छन । तसर्थ कार्यालयले छनौट गरेका आयोजनाको शतप्रतिशत प्रगति हासिल गर्ने कार्य योजना तयार गर्नुपर्दछ । साथै पालिकाले नियमावलीमा तोकिएको ढाँचामा लक्ष्य प्रगति तयार गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

| कार्यक्रम/योजना | कुल योजना | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | १०० % प्रगति |
| योजना संख्या | ८५ | १ | ४ | १४ | ६० | ६ |

## ८ आन्तरिक आय तर्फ

८.१ **आय अनुमान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु.६० करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.६२ करोड ४ लाख ८ हजार अर्थात अनुमान भन्दा रु.२ करोड ४ लाख ८ हजार ३.२९ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीको अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथ परक बनाई आय वृद्धि गर्नेतर्फ पहल गर्नुपर्दछ ।

८.२ **कुल खर्चमा आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा पालिकाको जम्मा खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| **पालिकाकोजम्मा खर्च** | **आन्तरिक आय** | **जम्मा खर्चको तुलनामा आन्तरिकआयको हिस्सा प्रतिशत** |
|---|---|---|
| १३७३१०८२२५ | ६२०४०८३३६ | ४५.१८ |

पालिकाको यस वर्षको कुल खर्च रु.१ अर्ब ३७ करोड ३१ लाख ८ हजार रहेकोमा आन्तरिक आय रु.६२ करोड ४ लाख ८ हजार रहेको छ जुन कुल खर्चको आन्तरिक आय ४५.१८ प्रतिशत रहेको छ । सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर, मनोरञ्जन कर तथा विज्ञापन कर नियमानुसार सङ्कलन गर्ने तर्फ पालिकाले पहल गरेमा आन्तरिक आयमा वृद्धि हुने देखिन्छ । पालिकाको क्षमता

अभिवृद्धि गरी आयको सङ्कलन गर्ने तर्फ पालिकाले तत्परता देखाई संघ र प्रदेश सरकार प्रतिको निर्भरता काम गर्ने तर्फ पहल गर्नुपर्दछ ।

८.३ **कर तथा शुल्क असुली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष आय शीर्षकमा आय अनुमान र असुली गरेको शीर्षक मध्ये केहीको अनुमान तथा असुलीको अवस्था निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४२५००००० | ४१४८१९७६ | ९८ |
| घरजग्गा वहाल कर | ४००००००० | ३८९८३११७ | ९७ |
| व्यवसाय कर | ३१५००००० | २४१५५४९५ | ७७ |
| वहाल विटौरी शुल्क | ३२००००० | २१२७०६७ | ६६ |

पालिकाले आय संकलनको लागि साँग्रिला सफ्टवेयर प्रयोगमा ल्याएको छ । उक्त सफ्टवेयरबाट पालिकामा दर्ता भएका करदाताबाट कति कर असुल हुनुपर्ने, कति प्राप्त भयो र कति प्राप्त हुन बाँकी छ सोको विवरण उपलब्ध नभएको कारण सो सम्बन्धमा परीक्षण एवं भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजश्वमा एकिन हुन सकिएन । राजश्व सम्बन्धी तोकिएका म ले प फारमहरु राखी आन्तरिक आय प्राप्त गर्नुपर्ने र प्राप्त गरेको सम्बन्धमा करदाताको देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

८.४ **व्यवसाय कर** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकामा दर्ता भएका ८८८८ व्यवसायी मध्ये यस आर्थिक वर्षमा कर तिर्नेको संख्या ४४६९ अर्थात ५०.२८ प्रतिशत करदाताबाट व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२ करोड ४१ लाख ५५ हजार कर सङ्कलन गरेको देखिन्छ । पालिकामा दर्ता भएका मध्ये ४४१९ अर्थात ४९.७२ प्रतिशत करदाताबाट कर संकलन भएको देखिएन । करदातामा कर शिक्षा कार्यक्रम सञ्चालन गरी व्यवसाय कर असुल गर्ने तर्फ पहल गर्नुपर्दछ ।

## ९ कानुन निर्माण र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम ७४ वटा कानून निर्माण गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ ।

| **सि.नं.** | **विवरण** | **गत विगत वर्षका** | **यस आर्थिक वर्षका** | **जम्मा संख्या** |
|---|---|---|---|---|
| १. | ऐन | २६ | ५ | ३१ |
| २. | कार्यविधि | १६ | २ | १८ |
| ३. | निर्देशिका | ९ | १ | १० |
| ४. | नीति | १ | ० | १ |
| ५. | नियमावली | ३ | ० | ३ |
| ६. | विनियम | ६ | ५ | ११ |
| **जम्मा** | | **६१** | **१३** | **७४** |

पालिकाले ७४ वटा मध्ये ७३ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको छ ।

१० **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार मुद्दा दर्ता र फछ्यौंट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्यौंट/कारवाही भएका विवाद | फछ्यौंट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| २८ | २५ | ५३ | २७ | २६ |

उल्लेखित विवरण अनुसार पालिकामा गत वर्ष फछ्यौंट गर्न बाँकी रहेका विवाद/उजुरी २८, यस वर्ष दर्ता भएका २५ गरी जम्मा ५३ विवाद/उजूरी भएकोमा यस वर्ष २७ वटा फछ्यौंट गरी २६ वटा बाँकी रहेको देखिन्छ । पालिकाले न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही टुङ्गो लगाउनुपर्दछ ।

११ **जनशक्ति व्यवस्थापन**

११.१ **कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । स्वीकृत गरिएको आर्थिक वर्ष २०६०।६१ मा संगठन र विकास सर्वे बमोजिम कायम गरिएको पद विवरण र कार्य जिम्मेवारी तोकी पालिकले स्वीकृत गरेको दरबन्दी संख्याका आधारमा गरेको पदपूर्तीको विवरण देहाय बमोजिम रहेको छः

| क्र.स. | स्वीकृत पद | स्वीकृत दरबन्दी सख्या | पदपूर्ती | | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | नवौ तह | १ | ० | ० | १ |
| २ | आठौ तह | २ | ० | ० | २ |
| ३ | आठौ तह | ९ | ६ | ० | ३ |
| ४ | सातौ तह | १६ | ६ | ० | १० |
| ५ | छैटौ तह | ६० | २३ | ८ | २९ |
| ६ | पाँचौ तह | १३० | ६१ | ४ | ६५ |
| ७ | चौथो तह | १६६ | २ | ३५ | १२९ |
| 8 | तेस्रो तह | १५ | ० | ७ | ८ |
| 9 | श्रेणी विहिन (कास) | १७७ | ६३ | ८४ | ३० |
| 10 | श्रेणी विहिन ड्राइभर | २५ | १२ | १३ | ० |
| जम्मा | | ६०१ | १७३ | १५१ | २७७ |

<u>**कार्यक्रम तर्फः**</u>

| | |
|---|---|
| नगर प्रहरी | २० |
| नेपाल सरकार | ८ |
| शिशु स्याहार केन्द्र | १४ |
| ज्यालादारी | ३९ |
| **जम्मा** | **८१** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको स्वीकृत दरबन्दी संख्या ६०१ रहेकोमा १७३ जना कर्मचारी स्थायी १५१ जना कर्मचारी करारमा पदपूर्ती गरेको देखिन्छ भने २७७ कर्मचारी पदपूर्ती गर्न बाँकी रहेको देखिन्छ । पालिकाका रिक्त रहेका २७७ र स्थायी पदपूर्ती हुने करार सेवाका पदहरु समेत प्रदेश लोक सेवा आयोगबाट तोकिएको प्रकृया पुरा गरी पद पूर्ती गर्नुपर्दछ ।

११.२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ वमोजिम स्थानीय तहको कार्यवोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकतालाई समेत ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तया व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत-१, मेडिकल अधिकृत स्तर आठौं-१, सहित विभिन्न ६०१ दरवन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म स्थायी १७३, र करार १५१ जना समेत ३२४ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टीकोणले महत्वपूर्ण मानिएका रजिस्ट्रार १, मेडिकल अधिकृत -२, अधिकृतस्तर छैठौं/सातौं/आठौं तहका ४२ सहायकस्तर २०९ र श्रेणी विहित २८ समेत २७७ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यकम सञ्चालन, सेवा प्रवाह तथा पालिका समग्र कार्यसम्पादनमा असरपरेको स्थिति छ । तसर्थ रिक्त पदहरु ऐन, नियममा उल्लेखित प्रकृया मार्फत पदपूर्ती गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

११.३ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले तलबी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत पालिकाको जम्मा ३३० जना कर्मचारीको रु.१८,३८,०२,४४८ तलब र ग्रेडमा खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगराई खर्च लेख्दा बढी तलब, भत्ता, ग्रेड भुक्तानी हुन सक्छ । तलबी प्रतिवेदन पारित नहुँदा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न सकिएन । तसर्थ प्रचलित कानुनमा तोके बमोजिम आधिकारिक निकायबाट तलबी प्रतिवेदन पारित गरी तलब तथा ग्रेड भत्ता भुक्तानी गर्नुपर्दछ ।

११.४ **रिक्त पदको सूचना नदिएको -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्र पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ६०१ जना रहेकोमा १७३ जना स्थायी, १५१ जना करारमा कार्यरत रही २७७ पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु झै यो वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तिको लागि तोकिए बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।

११.५ **स्वत: पद रिक्त -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा करार सेवामा पदपूर्ति हुने पदहरु बाहेक अन्य पदहरुमा करार मार्फत पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८०/८१ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई १७३ जनालाई करारमा नियुक्त गरेको कार्य नियमसम्मत नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन सक्ने हुँदा स्थानीय सेवा गठन तथा सञ्चालन ऐन बमोजिम पदपूर्ती गर्नुपर्दछ ।

११.६ **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ अनुसार स्थानीय तहले स्थानीय सेवाका कर्मचारीको अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार लगायतका सुबिधा उपलब्ध गराउनको लागि स्थानीय तहले दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको तलबबाट १० प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थपि जम्मा हुने गरी अवकाश कोष स्थापना गरी स्थानिय सेवाका कर्मचारी अवकाश हुँदा सोही अवकाश कोषबाट सुबिधा प्रदान गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाले कर्मचारी कल्याण कोषको व्यवस्था गरेको भए तापनि सो कोषमा कर्मचारीको तलबबाट कुनै योगदान नभई पालिकाले प्रत्येक वर्षको बजेटबाट निश्चित रकम विनियोजन गरी सो कोषमा जम्मा गर्ने गरेको र कर्मचारी अवकाश हुँदा सोही कोषबाट उपदान तथा सञ्चित विदाको रकम उपलब्ध गराउँदै आएको छ । यो वर्ष पालिकाको विगत वर्षको मौज्दात रु.६४,५०,०५३।८५ र बैकबाट प्राप्त ब्याज रु.८,६९,६२७।५० गरी जम्मा रु.७३,१९,६८१।३५ मौज्दात रहेकोमा यस आर्थिक वर्षमा रु.५,००,००,००० विनियोजन गरी उक्त कोषमा जम्मा रु.५,७३,१९,६८१।३५ रहेकोमा यो वर्ष रु.३,८१,०७,१२४ अवकाश भएका कर्मचारीलाई वितरण गरेको छ भने रु.१,९२,१२,५५७।३५ यस आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको देखिन्छ । यसरी कानूनको व्यवस्था नगरी कर्मचारी कल्याण कोषमा रकम रकमान्तर गर्दा सम्बन्धित कर्मचारीको तलबबाट १० प्रतिशत कट्टी गर्ने र सोही अनुसारको रकम मात्र कल्याण कोषमा दाखिला गर्ने प्रणालीको विकास गर्नुपर्दछ ।

११.७ **उपदान भुक्तानी** - तत्कालीन स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६९(ग) मा स्थानीय निकायको स्वीकृत दरबन्दीको कुनै पदमा एक वर्षभन्दा बढी अवधिसम्म सेवा गरेको स्थानीय निकायको कुनै कर्मचारीले सो सेवालाई अविच्छिन्न राखी सोही पदमा स्थायी नियुक्ती पाएको भए बढुवा प्रयोजनका लागि साबिकमा निजले गरेको सेवा अधिकृत स्तरमा भए ६६ प्रतिशत र सहायक स्तरमा भए ७५ प्रतिशत गणना गरिनेछ भन्ने व्यवस्था रहेको छ । साथै नियम २६८ मा कर्मचारीले पाउन सक्ने उपदानको दर पनि तोकिदिएको छ । बागमती प्रदेशबाट जारी स्थानीय तहका सेवाको गठन तथा सञ्चालन गर्न बनेको ऐन २०७९ को दफा ८४(१) मा नोकरी अवधि गणना गर्दा कर्मचारीले स्थायी नियुक्ती भई निरन्तर नोकरी गरेको अवधिलाई गणना गर्न सकिने, ८४(३) मा सेवा अवधि गणना गर्ने सम्बन्धमा स्थानीय तहले आवश्यक निर्णय गर्न सक्ने र भक्तपुर नगरपालिकाको स्थानीय सेवा (कर्मचारी) गठन, संचालन, व्यवस्थापन, सेवा शर्त तथा सुविधा सम्बन्धमा बनेको ऐन, २०८० को परिच्छेद १० दफा ७१(१)(छ) मा व्यवस्था भए बमोजिम अस्थायी, करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारी नियुक्ति भई अविछिन्न सेवा गरी स्थायी भई अवकाश पाएमा निजको अस्थायी, करार, मासिक ज्यालादारी, अवधि गणना गरी उदान दिनसक्ने व्यवस्था छ । स्थानीय तहमा सुरुमा ज्यालादारी तथा अस्थायी सेवामा नियुक्त भएका कर्मचारीहरुको सोही अवधिदेखिको समयावधि समेत जोडी तत्कालीन संघीय कानून र हालको प्रदेश कानूनको उपरोक्त व्यवस्था भन्दा फरक हुने गरी सेवा अवधि गणना गरी यो वर्ष लेखापरीक्षणमा प्राप्त विवरण अनुसार देहायका ६ कर्मचारीलाई उपदान भुक्तानी गर्दा संघ र प्रदेश कानूनसँग बाझिने गरी कानून निर्माण गरी सोही अनुरुप ज्यालादारी करार र अस्थायी रुपमा काम गरेको समयावधि समेत गणना गरी रु.३७,१०,०६६ उपदान रकम भुक्तानी गरेको छ । उल्लेखित व्यवस्था बमोजिम भुक्तानी दिनमिल्ने आधार देखिएन । तसर्थ लेखापरीक्षणमा पेश हुन आएको बाहेक अन्य भुक्तानी भएको भए सो समेत एकिन गरी आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| विवरण | सहायक पाँचौ चन्द्र कृष्ण अवाल | सफाई मज्दुर श्याम सुन्दर पोडे | नायब सुब्बा सुन्दर खम्बु | बगैचे विष्णुश्वरी कबु | सफाई मज्दुर अमेता पोडे | बरिष्ट सहायक पाँचौं श्री चन्द्र कृष्ण श्रेष्ठ |
|---|---|---|---|---|---|---|
| ज्यालादारी/अस्थायी नियुक्ती मिति | २०५५।१०।५ | २०५३।९।४ | २०५०।७।२७ | २०५४।७।१ | २०४६।१।१३ | २०५०।८।३ |
| स्थायी नियुक्ती मिति | २०६४।३।१ | २०६३।१२।२५ | २०५२।३।१ | २०६३।१२।२५ | २०५२।३।१ | २०५२।३।१ |
| अवकास मिति | २०८०।७।१६ | २०८०।२।३१ | २०८०।४।६ | २०८०।३।५ | २०८०।३।१७ | २०८०।८।२३ |
| ज्यालादारी समेत सेवा अवधी | २४ वर्ष ९ महिना ९ दिन | २६ वर्ष ५ महिना २६ दिन | २९ वर्ष ८ महिना ८ दिन | २५ वर्ष ८ महिना ३ दिन | ३४ वर्ष २ महिना १ दिन | ३० वर्ष १९ दिन |
| स्थायी सेवा अवधी | १६ वर्ष ४ महिना १५ दिन | १६ वर्ष २ महिना ६ दिन | २८ वर्ष १ महिना ५ दिन | १६ वर्ष २ महिना ८ दिन | २८ वर्ष १६ दिन | २८ वर्ष ५ महिना १९ दिन |
| अवकास बखतको मासिक तलब स्केल | ४५१५२ | ३३१३२ | ४९७८४ | ३३१३२ | ३८३११ | ४९७८४ |
| भुक्तानी दिएको उपदान | २२३७२५१ | २१९३९९२ | ३६९५०४० | २१२६६६० | ३२७४३६८ | ३७४०२७८ |
| स्थायी अवधी अनुसार हुनुपर्ने भुक्तानी | १४७८७२८ | १३४०१९० | ३४९६९५३ | १३४१०१८ | २६८७००३ | ३२१३६३० |
| स्थायी अवधी बाहेक बढी भुक्तानी | ७५८५२३ | ८५३८०२ | १९८०८७ | ७८५६४२ | ५८७३६५ | ५२६६४७ |
| **बढी भुक्तानी कुल जम्मा** | **७५८५२३** | **८५३८०२** | **१९८०८७** | **७८५६४२** | **५८७३६५** | **५२६६४७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,१०,०६६ |

## १२ कानुनी सल्लाहकार नियुक्त

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) अनुसार तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने कुरा उल्लेख छ । पालिकाले कानूनी सल्लाहकारको रुपमा १ जनालाई नियुक्त गरी मासिक रु.३० हजारका दरले वार्षिक रु.३,६०,००० भुक्तानी गरेको छ । हाल नगरपालिकामा विगत वर्षबाट सरेर आएका १५ यस वर्ष थप १२ गरी २७ वटा मुद्दा दर्ता भएकोमा १२ वटा फैसला भएको अवस्था छ भने १५ मुद्दा अदालतमा विचाराधिन रहेको र ती मूद्दाहरु प्रतिरक्षा लागि आवश्यक जनशक्ति नरहेकाले मुद्दाको लिखित जवाफ तयार गर्ने, अदालती बहस पैरवी एवं कानूनी प्रतिरक्षा गर्ने लगायतका कार्यहरु कानूनी सल्लाहकार मार्फत् हुँदै आएका छन् । प्रत्येक वहस पैरवीको आधारमा खर्च भुक्तानी गर्नुभन्दा मासिक पारिश्रमिक भुक्तानी गर्ने गरी सल्लाहकार नियुक्त गरी कार्य गराउदा पारिश्रमिक खर्च कम लाग्ने हुँदा सल्लाकार नियुक्त गरी पारिश्रमिक भुक्तानी गर्ने गरेको पालिकाको भनाई छ । तसर्थ कानूनी सल्लाहकार नियुक्त गरी तलब भत्ता भुक्तानी गर्नु भन्दा कानून शाखाका कर्मचारीलाई दक्ष बनाई कार्यालयबाट वहस पैरवी हुने व्यवस्था गर्नुपर्दछ ।

## १३ कर्मचारीलाई पोशाक भत्ता भुक्तानी

निजामती सेवा नियमावली, २०५० को नियम ११९(क) अनुसार कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको पोशाक भत्ता प्रत्येक वर्षको चैत्र महिनामा तलबसँगै भुक्तानी गरिने उल्लेख छ । पालिकाले १४६ जना करार/अस्थायी र १८० जना स्थायी कर्मचारीलाई प्रत्येक वर्ष कार्त्तिक महिनाको तलबसँग पोशाक भत्ता भुक्तानी गर्दै आएको छ । यस आर्थिक वर्षमा ३२६ जना कर्मचारीलाई पोशाक भत्तामा रु.३२,६०,००० खर्च लेखेको छ । तसर्थ नियमावलीमा व्यवस्था भए बमोजिम चैत्र महिनाको तलबसँग पोशाक खर्च भुक्तानी गर्ने प्रणालीको अवलम्बन गर्नुपर्दछ ।

## १४ कर्मचारीलाई प्रोत्साहन भत्ता

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धीत स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाले स्थायी/अस्थायी तथा करारका कर्मचारीलाई १ महिनाको तलब बराबरको रकम प्रोत्साहन भत्ता स्वरुप रु.७०,२२,३२१ खर्च लेखेको छ । साथै कागज पुन: प्रयोग एकाईका ३ जना करार कर्मचारीलाई अतिरिक्त समयमा काम गरे वापत अतिरिक्त भत्ता प्रदान गरेकोमा प्रोत्साहन स्वरुप थप रु.४४,१०६ भत्ता प्रदान गरेको छ भने प्रमुख प्रशासकीय अधिकृत र अन्य ७ जना सवारी चालकलाई विभिन्न दरमा मासिक सुविधा अन्तर्गत रु.४५,७०० का दरले वार्षिक रु.५,४८,४०० खर्च लेखेको छ । पालिकाले कार्यसम्पादन सूचक बेगर नियमित कार्यालय समयमा कार्य गरे बापत कर्मचारीलाई रु.७०,६६,४२७ प्रोत्साहन भत्ता र रु.५,४८,४०० मासिक सुविधा भुक्तानी गर्दा पालिकालाई थप व्ययभार पर्न गएको छ । कार्यसम्पादन सूचकको आधारमा प्रोत्साहन भत्ता भुक्तानी गर्ने प्रणालीको अवलम्बन गर्नुपर्दछ ।

## १५ शिक्षा तर्फ

१५.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालय संख्या | शिक्षक दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये करार | पदपूर्ती मध्ये राहत | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | ३६ | ४५३ | ३६७ | ३४ | ५२ | १०९२५ |

उल्लेखित विवरण अनुसार पालिकामा ३६ वटा सामुदायीक विद्यालयमा ४५३ दबन्दी स्वीकृत गरेकोमा ३६७ पद स्थायी ३४ पद करारमा र ५२ पद राहतमा नियुक्त गरेको छ । पालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्न करार तथा राहतमा नियुक्त गरिएका पदहरु समेत स्थायी पदपूर्ती गर्ने तर्फ पहल गर्नुपर्दछ ।

१५.२ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार ३६ विद्यालय मध्ये १० विद्यालयको यो वर्षको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.सं. | विद्यालय नाम रठेगाना | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थीअनुपात |
|---|---|---|---|---|
| १ | वाग्यश्वरी माध्यमिक विद्यालय, भक्तपुर-९ | ५२ | ३११७ | १:६० |
| २ | पद्म माध्यमिक विद्यालय, भक्तपुर-३ | ३२ | ७२८ | १:२३ |
| ३ | मेधा माध्यमिक विद्यालय, भक्तपुर-३ | १९ | ६८४ | १:३६ |
| ४ | गणेश माध्यमिक विद्यालय, भक्तपुर-१ | १९ | ४८८ | १:२६ |
| ५ | तारा माध्यमिक विद्यालय, भक्तपुर-४ | १७ | २३५ | १:१४ |
| ६ | बासु माध्यमिक विद्यालय, भक्तपुर-२ | ३८ | ५५८ | १:१५ |
| ७ | दत्तात्रय आधारभूत विद्यालय, भक्तपुर - ९ | ८ | ६२ | १:८ |
| ८ | ज्ञान विजय आधारभूत विद्यालय, भक्तपुर - १ | ११ | ७४ | १:७ |
| ९ | भारती आधारभूत विद्यालय, भक्तपुर - ५ | ५ | ४६ | १:९ |
| १० | हंशवाहिनी आधारभूत विद्यालय, भक्तपुर - १० | ६ | १६ | १:३ |

उल्लेखित विवरण अनुसार पालिकामा कुल शिक्षक संख्या ४५३ जना रहेकोमा विद्यार्थी संख्या १०,९२५ रहेको छ । पालिकाका सामुदायीक विद्यालयको शिक्षक विद्यालर्थी अनुपात न्यूनतम १:३ देखि अधिकतम १:६० रहेको छ भने ३६ वटा विद्यालयलको औषत

शिक्षक विद्यार्थी अनुपात १:२५ रहेको छ । पालिकाले यस आर्थिक वर्षमा विद्यालय मर्जरको कार्य आंशिक रुपमा गरेको छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्दै गएको अवस्था देखिन्छ । पालिकाले विद्यालय समायोजन तथा दरबन्दी मिलानको कार्य गर्नुपर्दछ ।

१५.३ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन** – सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालयहरु समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तरगतका सामुदायिक विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:१७ रहेकोमा विद्यालय समायोजन एवं एकीकरणको कार्य गरेको देखिएन । यद्यपी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्यलाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

१५.४ **शैक्षिक गुणस्तर** - नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा २४४८ विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको अवस्था देहाय बमोजिम रहेको छः

| क्र.स. | जि.पि.ए. | जम्मा विद्यार्थी | उत्तिर्ण विद्यार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ६६२ | ४८० | १८२ | ७२.५० | २७.४९ |
| २ | ३.२१ - ३.६० | ७६५ | ५८८ | १७७ | ७६.८६ | २३.१३ |

उल्लेखित तालिका अनुसार ३.६१-४.०० जि.पि.ए. ल्याउने ६६२ विद्यार्थीमध्ये १८२ जना, ३.२१-३.६० जि.पि.ए. ल्याउने ७६५ विद्यार्थीमध्ये १७७ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जस अनुसार उच्च जि.पि.ए. ल्याउने सामुदायिक विद्यालयका विद्यार्थी संख्या न्यून देखिएकाले सामुदायिक विद्यालयको गुणस्तर सुधार हुने गरी शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

१५.५ **संस्थागत विद्यालयको छात्रवृत्ति** – भक्तपुर नगरपालिका शिक्षा ऐन, २०७४ को दफा २३ बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै पालिकाले छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर, वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेभसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्दछ । त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था छ । पालिकाबाट लेखापरीक्षण अवधिमा सो सम्बन्धी विवरण पेश नभएकोले उल्लेखित ऐनको व्यवस्था बमोजिम कुल विद्यार्थी संख्याको न्यनतम १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराए/नगराएको विश्लेषण गर्न सकिएन ।

## १६ सेनेटरी प्याड वितरण

पालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि सेनेटरी प्याड उपलब्ध गराउने कार्यक्रम अनुसार स्थानीय तह शिक्षा शाखामा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकको आधारमा देहायका विद्यालयहरुको खातामा प्रतिछात्रा रु.१०५ का दरले रु.५४,२३,४९० अनुदान निकासा गरेको छ । सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को व्यवस्था बमोजिम विद्यालयहरुलाई अनुदान दिएको पालिकाले जनाएको छ । उक्त कार्यविधि आर्थिक वर्ष २०७६।७७ सम्मको लागि मात्र लागू हुने उल्लेख छ । तत्पश्चात अन्य कुनै कार्यविधि स्वीकृत भई लागू भएको छैन । विद्यालयले नै खरिद गरी छात्राहरुलाई उपलब्ध गराउने गरी विद्यालयहरुलाई अनुदान दिई कार्यक्रम सञ्चालन गरेकोमा कार्यक्रमको उद्देश्य अनुसार लक्षित छात्राहरुलाई समयमै तोकिएको गुणस्तर बमोजिम सेवा उपलब्ध भयो भएन, खरिद भण्डारण कार्य मापदण्ड

अनुरुप गरिएको छ छैन आश्वस्त हुने अवस्था विश्लेषण गर्न सकिएन । अनुगमन गरी उपयुक्त प्रतिवेदन लिएको देखिएन । कार्यविधि तयार गरी सोको आधारमा कार्यक्रम सञ्चालन गर्ने र प्रगति प्रतिवेदन तयार गर्ने प्रणाली विकास गर्नुपर्दछ ।

| **भौ नं मिति** | **विद्यालय संख्या** | **कक्षा ६ देखि १२ सम्मका छात्रा संख्या** | **प्रतिमहिना प्रतिछात्रा दर** | **निकासा रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १२८-२०८१।३।२ | बागेश्वरी मा वि समेत विद्यालय समेत २३ विद्यालय | ३६४५ | १०५ | ३५,१७,७२५ | २०८० श्रावण देखि २०८१ बैशाख मसान्त सम्म |

## १७ सहकारी तर्फ

१७.१ **सहकारी संस्थाको विवरण** – भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ अनुसार सञ्चालनमा रहेका सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | ७२ | ६८८०७ | ७६३७३७२५० | ६८०८५९८१४३ | ६४३२९०८९१३ | ३२४२१६१४९ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ३ | १४२१ | १२४६३३०० | ६२९७२२६० | ५१७३४६१९ | २७२८५३० |
| कृषि सहकारी संस्था लि. | ७ | ३८०८ | २९१४५१०० | १०८८११४३३ | १२०७३७१३९ | १८३२१४२ |
| जम्मा | ८२ | ७४०३६ | ८०५३४५६५० | ६९८०३८१८३५ | ६६०५३८०६७१ | ३२८७७६८२१ |

उल्लेखित विवरण अनुसार पालिकामा ८२ वटा सहकारी संस्था सञ्चालनमा रहेका छन भने ती सहकारी संस्थामा ७४,०३६ जना शेयर सदस्य रहेका छन । ८२ वटा सहकारी संस्थाको शेयर पूँजी रु.८०,५३,४५,६५०, बचत रु.६,९८,०३,८१,८३५, ऋण लगानी रु.६,६०,५३,८०,६७१ र जगेडा कोष रु.३२,८७,76,८२१ रहेको छ । पालिकाको सहकारी ऐन, २०७४ मा उल्लेख भए अनुसार सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्नुपर्नेमा आंशिक रुपमा अनुगमन गरेता पनि प्रतिवेदन कार्यपालिकामा पेश गरेको देखिएन । नेपालको संविधानले सहकारी संस्थाको दर्ता देखि विघटन सम्मका सम्पूर्ण जिम्मेवारी स्थानीय तहको एकल अधिकार सूची अन्तर्गत राखेको तथा सहकारी क्षेत्र भित्रको सम्पूर्ण दायित्व स्थानीय तहको रहेकोले सहकारी संस्थाहरुलाई पालिकाको सहकारी ऐन बमोजिम संचालनमा ल्याउनुपर्दछ ।

१७.२ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र १४१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

## १८ औषधी खरिद

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीम १३ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सरकारको सशर्त अनुदान शीर्षकबाट देहायका फर्महरुबाट

रु.१९,३४,२७५ को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| भौ नं मिति | भुक्तानी पाउने नाम | खरिद विधि | | | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| | | सोझै | कोटेशन | बोलपत्र | |
| १०७१/०८१।३।२८ | सोहन मेडी हेल्थ | | कोटेशन | | १५७८४१३ |
| | भक्तपुर फर्मास्युटिकल्स प्रालि | | कोटेशन | | २२३२७२ |
| | पुजन मेडिसीन डिष्टीब्युटर्स | | कोटेशन | | १३२५९० |
| **जम्मा** | | | | | **१९३४२७५** |

## १९ उपभोक्ता समितिको न्यून सहभागिता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम खुलाउनु पर्ने तथा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. १७ को अनुसूची - ४ मा उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा लागत सहभागिता (नगद/श्रमदान/वस्तुगत) कम्तिमा १० प्रतिशत नघट्ने गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सार्वजनिक खरिद नियमावली र कार्यविधिमा भएको व्यवस्था अनुसार उपभोक्ता समितिको योगदान निर्धारण गरी कार्य गराउनुपर्नेमा सो नगरी कार्य गराएको छ । पालिकाले उपभोक्ता समितिबाट कार्य गराउदा रोजगारी सृजना हुने तथा आयोजनाको स्वामित्व र अपनत्व समेत उपभोक्ताकै हुने कार्य मात्र उपभोक्ता समितिबाट गराउनु पर्नेमा पालिकाले तल उल्लेखित विभिन्न निर्माण कार्य गराउदा जनश्रमदान तथा जनसहभागिता न्यून रहेको पाइयो । नियममा उल्लेखित व्यवस्था बमोजिम उपभोक्ता समितिबाट कार्य गराउदा उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम नखुलाई अनुपातिक कट्टी घटी हुने गरी कार्य गराइ भुक्तानी गरेको रु.१२,६१,५८६ नियमसम्मत नदेखिएको रु.

| गो भौ नं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | भुक्तानी रकम | उपभोक्ताले व्यहोर्ने % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|
| ३८४।०८१।३।२३ | सि सि टि भि निगरानी प्रणाली जडान कार्य उपभोक्ता समिति | २४१३७६३ | २२४०८५१ | २२१२५८० | २२४०८५.१० | १९५८१४.१० |
| १३३।०८०।१०।०२ | कमलविनायक प्लानिङ्गमा पिच तथा पेटी निर्माण कार्य उपभोक्ता समिति | २१८०००० | २१९२१११ | २१८०००० | २१९२११ | २०७१०० |
| ६३।०८०।०७।०१ | सि सि टि भि प्रणाली जडा कार्य उपभोक्ता समिति | ३६९४१८५ | ३६१२३५२ | ३४००००० | ३६१२३५ | १४८८८३ |
| ७३।०८०।७।१६ | इखालाछी मठ पुनः निर्माण उपभोक्ता समिति | ९११७१५० | ९११७१५० | ८७२२२३७ | ९११७१५ | ५१६८०२ |
| ३४८।०८१।०३।२३ | सि सि टि भि निग्रानी प्रणाली जडान उपभोक्ता समिति | २४१३७६३ | २२४०८५१ | २२१२५८० | २२१२५८ | १९२९८७ |
| **जम्मा** | | | | | | १२६१५८६.१० |
| | | | | | अनियमित भएको | १२,६१,५८६ |

## २० उपभोक्ता समितलाई पेश्की

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा सार्वजनिक निर्माण कार्य गर्दा लागत अनुमानको ३३ प्रतिशत सम्म उपभोक्ता समितिलाई अग्रिम पेश्की दिन मिल्ने व्यवस्था छ । साथै त्यस्तो पेश्की अन्तिम विल भुक्तानी गर्नु अगावै फछ्र्यौट गर्नुपर्ने

व्यवस्था छ । पालिकाले देहायका उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा नियमावलीमा भएको व्यवस्था भन्दा बढी अधिकतम लागत अनुमानको ६८.१२ प्रतिशतसम्म पेश्की दिएको देखिन्छ । पालिकाले नियमावलीमा भएको व्यवस्था भन्दा बढी देहाय बमोजिमको रु.१,७३,५०,००० पेश्की निकासा गरेको छ ।पालिकाले उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा नियमावलीमा तोकिएको सीमा भित्र रही पेश्की निकासा दिनु पर्दछ । केही उदाहरणहरु देहाय बमोजिम छन ।

| सि नं | उपभोक्ता समितिको नाम | लागत अनुमान | पेश्की रकम | पेश्की रकम प्रतिशत |
|---|---|---|---|---|
| १ | सिचु फल्चा पुनः निर्माण उपभोक्ता समिति | ५२१०११०.३६ | १९५०००० | ३७.४२ |
| २ | तरकारी बजार व्यवस्थापन कार्य उपभोक्ता समिति | ४९९०५६८.१७ | ३४००००० | ६८.१२ |
| ३ | तुमुचो दुगुरे चोखा आवास क्षेत्र खानेपानी उपभोक्ता समिति कार्यालय भवन निर्माण उपभोक्ता समिति | २७४१२७९.७४ | १६००००० | ५८.३६ |
| ४ | श्री छुमा गणेश द्यो छे पुनः निर्माण उपभोक्ता समिति | ८७९३६२७.५६ | ४८००००० | ५४.५८ |
| ५ | श्री लक्ष्मीनरसिंह मन्दिर पुनः निर्माण उपभोक्ता समिति | ८७७८३०२.९३ | ५६००००० | ६३.७९ |
| **जम्मा** | | | **१७३५००००** | |

२१ **बजेट रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रहि कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चिस प्रतिशतमा नबढाई रकमान्तर गर्न सकिने व्यवस्था छ । पालिकाको मिति २०८० मंसिर १४ गतेको निर्णयका आधारमा देहायका शीर्षकको बजेट अरनिको सभा गृह भवन निर्माणमा रकमान्तर गरेको देखिन्छ । बजेट रकमान्तर गर्दा सबै भन्दा बढी कोशेली घर निर्माण शीर्षकको विनियोजित बजेट रु.५० लाख रहेकोमा रु.४० लाख अरनिको सभा गृह भवन निर्माण कार्यमा रकमान्तर गरेको छ जुन सबै भन्दा बढी रकमान्तर भएको सुरु विनियोजित बजेटको ८० प्रतिशत हुन आउँछ । त्यसतै ख्वप टेलिभिजन स्टुडियो निर्माण तथा सञ्चालनको लागि रु.७० लाख बजेट विनियोजन गरेकोमा रु.४० लाख बजेट जुन विनियोजित बजेटको तुलनामा ५७.१४ प्रतिशत, ख्वप एफ एम सञ्चालनको बजेट रु.३० लाख बजेट विनियोजन गरेकोमा रु.१० लाख जुन विनियोजित बजेटको तुलनामा ३३.३३ प्रतिशत, कमलविनायक बहुउद्देशीय भवन निर्माण कार्यको बजेट रु.४ करोड विनियोजित गरेकोमा रु.३ करोड जुन विनियोजित बजेटको तुलनामा रु.७५ प्रतिशत र कृषि अनुसन्धान केन्द्रको बजेट रु.२० लाख बजेट विनियोजन गरेकोमा रु.१० लाख जुन विनियोजित बजेटको तुलनामा ५० प्रतिशत बजेट अरनिको सभा गृह निर्माणमा रकमान्तर गरेको देखिन्छ । भवन निर्माणमा विभिन्न शीर्षकको रु.४ करोड बजेट रकमान्तर गरेको छ । बजेट ट्रान्सर गर्दा पालिकाले स्थानीय सरकार सञ्चालन ऐनमा तोकिएको सीमा भन्दा बढी बजेट रकमान्तर गरेको देखिन्छ । तसर्थ पालिकाले ऐनमा तोकेको सीमा भित्र रही बजेट रकमान्तर गर्ने कार्य गर्नुपर्दछ ।

| सुरु बजेट शीर्षक | रकमान्तर गरिएको शीर्षक | विनियोजित बजेट | रकमान्तर गरेको रकम | बजेट रकमान्तर प्रतिशतमा |
|---|---|---|---|---|
| ख्वप टेलिभिजन स्टुडियो निर्माण तथा सञ्चालन | अरनिको सभा गृह भवन निर्माण कार्य | ७०००००० | ४०००००० | ५७.१४ |
| ख्वप एफ एम सञ्चालन | अरनिको सभा गृह भवन निर्माण कार्य | ३०००००० | १०००००० | ३३.३३ |
| कोशेली घर निर्माण कार्य | अरनिको सभा गृह भवन निर्माण कार्य | ५०००००० | ४०००००० | ८० |
| कमलविनायक बहुउद्देशीय भवन निर्माण कार्य | अरनिको सभा गृह भवन निर्माण कार्य | ४००००००० | ३०००००००० | ७५ |
| कृषि अनुसन्धान केन्द्र | अरनिको सभा गृह भवन निर्माण कार्य | २०००००० | १०००००० | ५० |
| **जम्मा** | | **५७००००००** | **४००००००००** | |

२२ **विज्ञापनमा खर्च**

विज्ञापन संकलन प्रकाशन एवं विज्ञापन एजेन्सी निर्देशिका, २०५३ को बुँदा नं १०(२) क बमोजिम विज्ञापन प्रकाशन गरे वापत २५ प्रतिशत छुट सुविधा सरकारी कार्यालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले विज्ञापन प्रकाशन गरेबापत मजदुर दैनिकलाई देहायको रु.१२,०६,५२५ (भ्याट समेत) भुक्तानी गरेकोमा भुक्तानी गर्दा १० प्रतिशत मात्र छुट दिएको देखिन्छ । निर्देशिकामा भएको व्यवस्था अनुसार भ्याट बाहेक रु.११७८३१८ को २५ प्रतिशतले हुने रु.२९४५७७।७५ छुट लिइ भुक्तानी गर्नुपर्नेमा १० प्रतिशतले हुने रु.११७८३१।१० मात्र छुट गरी भुक्तानी दिएकोले १५ प्रतिशतले हुने छुट सुविधा रु.१७६७४६।६५ छट सुविधा प्रात्प नगरेका कारण बढी व्ययभार पर्न गएको रकम नियमसम्मत नदेखिएको रु.

| भौ.नं./मिति | भुक्तानी रकम (भ्याट सहित) | भ्याट बाहेकको बिल रकम | २५ प्रतिशतले दिनुपर्ने छुट रु. | १० प्रतिशतले दिएको छुट रु. | बढी व्ययभार परेको १५ प्रतिशतले हुने रु. |
|---|---|---|---|---|---|
| १२५।२०८०।५।७ | ७२७८१.०० | ६३५२३.०० | १५८८०.७५ | ६३५२.३० | ९५२८.४५ |
| ६८७।२०८०।१०।७ | १२५१०८.०० | १२३०१५.०० | ३०७५३.७५ | १२३०१.५० | १८४५२.२५ |
| ५१५।२०८०।८।२५ | २२०४१८.०० | २१६७३३.०० | ५४१८३.२५ | २१६७३.३० | ३२५०९.९५ |
| ३५१।२०८०।६।२९ | ३००२१८.०० | २९५१९९.०० | ७३७९९.७५ | २९५१९.९० | ४४२७९.८५ |
| १३९।२०८०।५।१२ | २००५४२.०० | १९७१८९.०० | ४९२९७.२५ | १९७१८.९० | २९५७८.३५ |
| ८५१।२०८०।११।९ | २८७४५८.०० | २८२६५२.०० | ७०६६३.०० | २८२६५.२० | ४२३९७.८० |
| जम्मा | १२०६५२५.०० | ११७८३११.०० | २९४५७७.७५ | ११७८३१.१० | १७६७४६.६५ |

| अनियमित भएको | १,७६,७४६.६५ |
|---|---|

२३ **रित पूर्वकको कर विजक**

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२४ **करार कर्मचारीलाई महङ्गी भत्ता**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. २१७ मिति २०७४।१।२५ को पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु.१० हजार पोशाक खर्च मात्र भुक्तानी गर्न पाइने व्यवस्था छ । त्यस्तै गरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करार सेवामा कार्यरत कर्मचारीहरुलाई महङ्गी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा पत्राचार गरेको देखिन्छ । तर पालिकाले करार सेवामा कार्यरत कर्माचारीलाई सम्झौतामा उल्लेख गरी स्थायी कर्मचारी सरह मासिक रु.२,००० महङ्गी भत्ता भुक्तानी गरेको छ । पालिकाले करार सम्झौताबाट कार्य गराएका २२ जना करार कर्मचारीलाई महङ्गी भत्ता वापत रु.५,२८,०० भुक्तानी गरेको छ । मन्त्रालयबाट जारी गरेको परिपत्र विपरित भत्ता वितरण गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,२८,००० |

२५ **लागत अनुमान देखि कार्य सम्पन्न सम्म**

शिक्षा तथा मानवश्रोत विकास केन्द्र सानोठिमीले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य भवन संहिता ऐन, २०५५ अनुसार गर्न गाउनु पर्ने, स्थानीय तह अन्तरगत विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरू स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरिक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै कार्यक्रम सञ्चालन एवं कार्यान्वियन गर्दा तोकिएको ड्रइङ तथा लागत अनुमान अनुसार गर्नेपर्ने परिपत्र गरेको छ । पालिका अन्तर्गतका ८ वटा विद्यालयहरुको मिति २०८१।०१।१८ मा सम्झौता गरी विभिन्न कार्यक्रमका लागि कुल रु.२७,००,००० भुक्तानी गरेको देखिन्छ । साथै, सम्झौतामा प्राप्त रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णय र कार्यालयको स्वीकृत लागत अनुमान बमोजिम प्रचलित कानूनको अधिनमा रही खर्च गर्नुपर्ने तथा कार्यसम्पन्न पश्चात सोको प्राविधिक मूल्यांकन र कार्यसम्पन्न प्रतिवेदन मिति २०८१।०२।३२ भित्र पेश गर्नुपर्ने उल्लेख रहेको छ । तर, लेखापरीक्षण अवधिसम्म पनि देहायका विद्यालयहरुले भवन निर्माणको लागत अनुमान, सम्झौता पत्र, Detail Measurement, अनुगमन प्रतिवेदन र कार्य स्वीकार प्रतिवेदन लगाएतका कागजपत्र पेश गरेको देखिएन । तसर्थ उक्त विद्यालयको लागत अनुमान, सम्झौता पत्र, Detail Measurement, अनुगमन प्रतिवेदन र कार्य स्वीकार प्रतिवेदन लगाएतका प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| **क्र.सं.** | **विद्यालयको नाम** | **कार्यक्रमको नाम** | **रकम** |
|---|---|---|---|
| १ | श्री उदय आ वि वडा नं १ | भर्याङ निर्माण | २००००० |
| २ | श्री शारदा आ वि वडा नं ४ | कोठा पार्टेशन तथा पर्खाल निर्माण | ४००००० |
| ३ | श्री ज्ञानविजय आ वि दूधपाटी वडा नं १ | छाना तथा भुईँ मर्मत | ३००००० |
| ४ | श्री भारती आ वि वडा नं ५ | फलसिलिङ शैक्षिक सामाग्री व्यवस्थापन कार्य | ४००००० |
| ५ | श्री गणेश मा वि वडा नं १ | शौचालय व्यवस्थापन तथा छाना मर्मत | ४००००० |
| ६ | श्री श्री आधारभूत विद्यालय वडा नं ६ | किचेन निर्माण तथा पानी ट्यांकी व्यवस्थापन कार्य | ३००००० |
| ७ | श्री सन्तती आ वि वडा नं ६ | बिजुली वायरिङ, फल सिलिङ, कौसी घेराबार, पानी ट्यांकीको व्यवस्थापन कार्य | ४००००० |
| ८ | श्री नविन आ वि वडा नं ७ | छाना मर्मत तथा ट्रस निर्माण कार्य | ३००००० |
| **जम्मा** | | | **२७,००,०००** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,००,००० |

२६ **जनप्रतिनिधिलाई पेश्की**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्य विधि सम्बन्धमा उल्लेख छ । सोही दफाको उपदफा १ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने र उपदफा २ मा अख्तियारी प्राप्त भएको १५ दिन भित्र प्रमुख प्रशासकिय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचितवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानुन बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने उल्लेख छ ।जनप्रतिनिधिको नगर सभाबाट प्रमुख प्रशासकीय अधिकृतलाई र प्रमुख प्रशासकीय अधिकृतबाट शाखा महाशाखा हुँदै वडा सचिवलाई खर्चको अख्तयारी दिएकोमा अख्यियारी बमोजम कर्मचारी मार्फत कार्यक्रम कार्यन्वयन र भुक्तानी गर्नुपर्नेमा पुनःअख्तियारी प्रदान गर्ने जनप्रतिनिधिहरुलाई नै पेश्की दिइ कार्य गराउनु नियमसम्मत तथा औचित्यपूर्ण देखिदैन । पेश्की लिने र प्रशासनिक कार्य कर्माचारी मार्फत गराउनु पर्नेमा पालिकाले जनप्रतिनिधिलाई पेश्की निकासा दिई कार्य गराएका केही उदाहरणहरु देहाय बमोजिम रहेका छन ।

| गो भौ नं र मिति | पेश्की लिने पदाधिकारीको नाम | कार्य विवरण | पेश्की फछ्र्यौट भएको मिति | पेश्की रकम रु. |
|---|---|---|---|---|
| ५।०८०।०५।०८ | श्री कृष्ण गोपाल चौगुठी, वडा सदस्य वडा नं ७ | बाराही पुल परिसरको बाटो स्तरोन्नति कार्यका लागि पेश्की | ४३।०८०।६।२९ | ३०००० |
| ११।०८०।०५।२४ | श्री हेरा ख्याजु, वडा सदस्य वडा नं ७ | महेश्वरी घाटबाट पबो जाने बाटोको सबवेस स्तरोन्नति कार्यका लागि पेश्की | २१३।०८०।१२।२७ | ३०००० |
| १२।०८०।०५।२४ | श्री रञ्जना त्वाती, महिला वडा सदस्य वडा नं ७ | वडा नं ७ को परोपकार केन्द्र परिसरको बाटो मर्मतका लागि पेश्की | २६७।०८१।२।२९ | ३०००० |
| ३२।०८०।०६।१७ | श्री रिता फसिकव, महिला वडा सदस्य वडा नं | अरनिको सभा भवनको पूर्वतर्फको तरकारी बजार पसलको कौसी मर्मतका लागि पेश्की | ९०।०८०।८।२६ | ३०००० |
| ११८।०८०।०९।२६ | श्री कल्पना शिल्पकार महिला वडा सदस्य वडा नं | मर्मत कार्यको लागि पेश्की | १७१।०८०।११।११ | १७००० |
| ५७३।०८०।०९।१२ | श्री रञ्जना त्वाती, महिला वडा सदस्य वडा नं | युवा खेलकुद समितिका लागि पेश्की | ८२७।०८०।११।८ | ३००००० |
| ६९७।०८०।१०।१० | श्री रविन्द्र ज्याख्व, वडा अध्यक्ष वडा नं ९ | भ्रमणका लागि पेश्की | ८२८।०८०।११।८ | ४०००० |
| ६९८।०८०।१०।१० | श्री राज कृष्ण गोरा, वडा अध्यक्ष वडा नं ३ | भ्रमणका लागि पेश्की | ८२८।०८०।११।८ | १००००० |
| ७४०।०८०।१०।१९ | श्री श्याम कृष्ण खत्री, वडा अध्यक्ष वडा नं १ | नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको लागि पेश्की | १३६३।०८१।३।११ | १४००००० |
| ८२४।०८०।११।०६ | श्री सुनिता प्रजापति, महिला वडा सदस्य वडा नं | यु-१८ मेयरकप पुरुष बास्केटबल प्रतियोगिताको लागि पेश्की | १२०४।०८१।२।७ | १००००० |
| ८९१।०८०।११।१७ | श्री राज कृष्ण गोरा, वडा अध्यक्ष वडा नं ३ | भ्रमण जानको लागि पेश्की | २६२।०८१।६।२१ | १००००० |
| ९०९।०८०।११।२१ | श्री कल्पना शिल्पकार, महिला वडा सदस्य, वडा नं १ | जलेश्वर मन्दिर उद्घाटनको लागि पेश्की | १०३६।०८०।१२।२७ | १५००० |
| ९१२।०८०।११।२२ | श्री उपेन्द्र सुवाल, वडा अध्यक्ष वडा नं ४ | अन्तरनगर महिला कबड्डी प्रतियोगिताको लागि पेश्की | १३८९।०८१।३।१४ | १४००००० |
| १०८२।०८१।०१।०३ | श्री रविन्द्र ज्याख्वा, वडा अध्यक्ष वडा नं ९ | भ्रमणका लागि पेश्की | ११३४।०८१।१।२० | ६०००० |
| १०९०।०८१।०१।०४ | श्री उकेश कवां, वडा अध्यक्ष वडा नं ७ | कोशी प्रदेश भ्रमणका लागि पेश्की | ११५१।०८१।१।२६ | २००००० |
| ११९४।०८१।०२।०४ | श्री रञ्जना त्वाती, महिला वडा सदस्य वडा नं | नपाका खेलाडीहरुलाई बधाई र सम्मान कार्यक्रमको लागि पेश्की | १३४८।०८१।३।५ | २००००० |
| १३८७।०८१।०३।१४ | श्री रञ्जना त्वाती, महिला वडा सदस्य वडा नं | नपाका विभिन्न स्थानमा व्यायामशालाका सामान मर्मत बापत पेश्की | ७०।०८१।५।२ | ३००००० |
| **जम्मा** | | | | **४३,५२,०००** |

## २७ विविध खर्च तर्फ

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा उपब्ध स्रोत समेतका आधारमा सरकारी रकम खर्च गर्दा उच्चतम प्रतिफल प्राप्त हुनेगरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको तीन आर्थिक वर्षको विविध खर्चको अवस्था र आन्तरिक आयको विश्लेषणात्मक विवरण देहाय बमोजिम छः

| सि नं | खर्च शीर्षक | आर्थिक वर्ष २०७८।७९ | आर्थिक वर्ष २०७९।८० | आर्थिक वर्ष २०८०।८१ | आर्थिक वर्ष २०७८।७९ को तुलनामा २०८०।८१ मा खर्च वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अतिथि सत्कार जलपान | २८,४३,४४५ | ३५,७४,१५४ | ३३,००,९०५ | १६.०८ |
| २ | नगरसभा सञ्चालन | १०,९९,१४७ | १,१०६,०२६ | १२,१५,३४० | १०.५७ |

उल्लेखित विवरण अनुसार पालिकाको अतिथि सत्कार जलपान र नगरसभा सञ्चालन खर्च बढ्दै गएको देखिन्छ । पालिकाको यो वर्ष रु.६२,०४,०८,३३६ आन्तरिक आय गरेकोमा विविध खर्च शीर्षकमा रु.४५१६२४५ खर्च गरेको छ जुन आन्तरिक आयको ०.७३ प्रतिशत हुन आउछ । त्यसैगरी पालिकाको तीन वर्षको खर्चको अनुपात तुलना गर्दा २०७८।७९ को खर्चको तुलनामा २०८०।८१ को खर्च अतिथि सत्कार जलपानमा १६.०८ प्रतिशत, नगरसभा सञ्चालनमा १०.५७ प्रतिशत खर्च वृद्धि भएको अवस्था । तसर्थ पालिकाको आन्तरिक आय अनुत्पादक क्षेत्रमा खर्च बढ्दै जानु विकास निर्माणको खर्चमा कटौती हुदै जाने हुनाले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## २८ फोहोरमैला व्यवस्थापन

२८.१ सरकारी खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को बुदा नं ४ को ३ मा कार्यक्रम शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्न नमिल्ने व्यहोरा उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने भनी उल्लेख गरेको छ । फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १८(१) मा फोहोरमैला संकलन तथा व्यवस्थापनमा निजी क्षेत्र र समुहलाई सहभागी गराई आय ठेक्का मार्फत पालिकाले आन्तरिक आय बढाउन सक्ने उल्लेख छ । पालिकाको फोहोरमैला व्यवस्थापनमा भएको कुल खर्च र फोहोरमैला शूल्कबाट प्राप्त आयको तुलनात्मक विवरण देहाय बमोजिम छः

| फोहोरमैला व्यवस्थापनमा खर्च | | | फोहोरमैला व्यवस्थापनबाट प्राप्त आम्दानी | | | आयको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| सि नं | खर्च शीर्षक | रकम | सि नं | आय शीर्षक | रकम | ७२८.२२ |
| १ | सफाई कर्मचारी खर्च | ७०८६७२९३ | १ | सरसफाई शूल्क | १०७८५८७३ | |
| २ | सफाई ईन्धन खर्च | १२७३७६२४ | २ | कम्पोष्ट मल विक्री | १८२७९९९ | |
| ३ | सफाई सवारी साधन मर्मत खर्च | ८२५१३६८ | | | | |
| **जम्मा** | | **९,१८,५६,२८५** | **जम्मा** | | **१,२६,१३,८७२** | |

उल्लेखित विवरण अनुसार सरसफाई शूल्क वापत रु.१,०७,८५,८७३ र कम्पोस्ट मल विक्रीबाट रु.१८,२७,९९९ समेत रु.१,२६,१३,८७२ आम्दानी गरेको छ । पालिकाले फोहोरमैला व्यवस्थापन ठेक्का बन्दोवस्त नगरी कर्मचारी मार्फत कार्य गराएको छ । कुहिने वर्गिकरण अन्तरगतको फोहोरमैलाको कम्पोष्ट मल बनाई विक्री गरी आम्दानी गरेको छ भने नकुहिने प्रकृतिमा फोहोरमैला पालिका आफैले सिसडोल ल्याण्डफिल्ड साइडमा व्यवस्थापन गरेको छ । कम्पोष्ट मल बिक्री र सफाई सेवा शुल्क समेत रु.१,२६,१३,८७२ आम्दानी गरेकोमा सरसफाई कर्मचारी सरसफाई कर्मचारी १३९ जनाको पारिश्रमिकमा रु.७,०८,६७,२९३, सफाई सवारी मर्मत खर्चमा रु.८२,५१,३६८ सफाई इन्धन खर्चमा रु.१,२७,३७,६२४ समेत रु.९,१८,५६,२८५ खर्च भएको छ । जुन आम्दानीको अनुपातमा ७२८.२१ प्रतिशत बढी खर्च आउँछ । पालिकाले प्राप्त गरेको सरफाई शुल्क वापत कति शुल्क निर्धारण गरी प्रति घरधुरीबाट कतिका दरले उठाएको हो कति शुल्क उठाउन बाँकी हो अद्यावधिक अभिलेख नराखेको कारण आम्दानीको अनुपातमा

खर्च यथार्थ विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रममा हुनेबाट सरकारी नियम तथा मापदण्डको विपरित हुने गरी करारको कर्मचारीको अधिक खर्च हुनुले आन्तरिक आयको हिस्सा पूँजीगत खर्च गर्न सक्ने अवस्थामा कटौती भएको छ । पालिका भित्रको घरधुरी संख्या आफ्नो क्षेत्र भित्र सृजित हुने फोहोरमैला परिमाणको आकलन र शहर सफा राख्न आवश्यक पर्ने जनशक्ति मेशिनरी औजार र इन्धन समेतको खर्चको लागत अनुमान तयार गरी सफाइ शुल्क निर्धारण गर्ने र अन्यत्रको असल अभ्यासको आधारमा फोहोरमैला व्यवस्थापन कार्य गर्नुपर्दछ ।

२८.२ **फोहोरमैला व्यवस्थापनबाट आय प्राप्त नभएको** – फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा नगरपालिकाले हालसम्म फोहरमैला व्यवस्थापनको शुल्क नतोकोको तथा फोहोरमैला संकलन गर्ने कार्यमा निजी तथा साझेदार संघसस्थालाई संलग्न नगराएको कारण कुनै पनि शुल्क/आम्दानी प्राप्त गरेको छैन । तसर्थ पालिकाले सार्वजनिक निजी क्षेत्रको सिद्धान्त अनुसार फोहोर संकलन र व्यवस्थापन गर्ने कार्य गर्नुपर्दछ ।

## २९ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को सि.नं ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोही आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । पालिकाले बार्षिक नीति तथा कार्यक्रमको किताबमा सामावेश भएका देहायका १० वटा वडामा विभिन्न १० वटा योजना सञ्चालन भएका छन । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा रु.५५,७९,००० बजेट विनियोजन गरेकोमा रु.५५,७९,००० नै ज्यालामा खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ३५० जना बेरोजगार व्यक्ति मध्ये यस वर्ष ७० जनालाई प्रतिव्यक्ति प्रतिदिन रु.८५० का दरले ज्याला भुक्तानी गरी औषत ९३.९६ दिन रोजगारी प्रदान गरेको देखिन्छ ।

## ३० आन्तरिक लेखापरीक्षण तर्फ

३०.१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ को आर्थिक कारोबारहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी २०८१।७।२१ मा लेखापरीक्षण प्रतिवेदन पेश गरेको छ ।आन्तरिक लेखापरीक्षणबाट कायम भएका कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै असुल फछ्र्यौट गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म असुल फछ्र्यौट भएको नदेखिएकोले देहाय बमोजिम व्यहोराहरु प्रतिवेदनमा समावेश गरिएको छ ।

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ बमोजिम नेपाल भित्र एकपटकमा रु.२० हजार भन्दा बढी मूल्य पर्ने कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर विजक प्रयोग गरी भुक्तानी गर्नुपर्नेमा केही भुक्तानीमा सिमा भन्दा बढीको खरिद कार्य गरेकोमा पान विल प्रयोग गरेको आधारमा पनि भुक्तानी गरेको हुँदा मूल्य अभिवृद्धि कर विजकको आधारमा भुक्तानी व्यवस्था हुनुपर्ने,

- कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा प्रत्येक कर्मचारीको पान नम्वर उल्लेख गरी तलव भत्ता भुक्तानी भएको पान नम्बर उल्लेख भएको नदेखिएको,
- कुनै पनि कारोबारको लेखा राख्दा एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार सम्बन्धीत बजेट शीर्षक र बजेट संकेत नम्बर अनुसार गोश्वारा भौचर तयार गर्नुपर्नेमा सो को पूर्ण पालना हुन नसकेको,
- कुनै पनि कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा म.ले.प.फा.नं. ५१० मा तोकिएको ढाँचा अनुरुप तयार गर्नुपर्नेमा नगरिएको,
- मष्टरोलमा कार्यरत कामदारहरुको ज्याला भुक्तानी गर्दा तोकिए बमोजिम म.ले.प.फा. नं. ५११ को ढाँचा अनुरुप अभिलेख नराखिएको,

३०.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ३१ म ले प फारमहरुको प्रयोग

महालेखा परीक्षकबाट स्वीकृत विभिन्न म.ले.प.फा.नं. प्रयोग गरी तोकिएको ढाँचा अनुसार तोकिए बमोजिम व्यहोरा खुल्ने गरी अभिलेख राख्नुपर्दछ । पालिकाले देहाय अनुसार कार्यगर्दा राख्नुपर्ने म.ले.प. फारमहरु आंशिक रुपमा मात्र राख्ने गरेको देखिन्छ । अतः तोकिए बमोजिम ढाँचा अनुसार म.ले.प. फारम पूर्ण रुपमा पालना गर्नुपर्दछ ।

| सि.नं. | कामको व्यहोरा | प्रयोग हुनुपर्ने म.ले.प.फा.नं. | कैफियत |
|---|---|---|---|
| १ | कार्य सम्पन्न प्रतिवेदन | ५१०(क) | आंशिक प्रयोग गरेको |
| २ | डोर हाजिरी कामदारको ज्याला भुक्तानी | ५११ | |
| ३ | खर्च भएर नजाने सम्पत्तिको अभिलेख | ४०८ | |
| ४ | जिन्सी मालसामानको खरिद आदेश | ४०२ | |
| ५ | जिन्सी मालसामानको दाखिला प्रतिवेदन | ४०३ | |
| ६ | जिन्सी मालसामानको खर्च निकासा फाराम | ४०४ | |
| ७ | जनसहभागितामा सम्पादित कार्य सम्पन्न प्रतिवेदन | ५१४ | |

## ३२ धरौटी तर्फ

३२.१ **धरौटी रकम राजश्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पुरा भई प्रचलित कानून बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम राजश्व खातामा दाखिला गर्नुपर्ने भएमा जिम्मेवार व्यक्तिले प्रचलित कानून वा करारको शर्तनामामा तोकिएकोमा सोही म्याद भित्र र म्याद नतोकिएको भएमा तिस दिनभित्र तयार गरेको आर्थिक विवरण अनुसार गतवर्षको अ.ल्या. समेत यो वर्ष रु.८,९७,७१,४९७।१५ धरौटी प्राप्त गरेकोमा रु.१,२२,०५,९५५।३४ फिर्ता खर्च गरी रु.७,७५,६५,५४१।८१ धरौटी मौज्दात रहेको देखियो । धरौटीको व्यक्तिगत खाता अनुसार उक्त बाँकी रकम विभिन्न ५११ व्यक्ति, फर्म, संघसंस्था र कम्पनी समेतको रहेको देखिन्छ । व्यक्तिगत धरौटी खातामा धरौटी प्राप्त गरेको मिति सो को म्याद र फिर्ता गर्नुपर्ने अवधी समेत खुलाई अभिलेख राख्नुपर्नेमा विस्तृत विवरण खुलाएको छैन । पालिकाले पछिल्लो पटक आर्थिक वर्ष २०६६।६७ मा धरौटी सदर स्याहा गरी राजश्व आम्दानी बाँध्ने सम्बन्धी कारबाही गरेपश्चात हालसम्म प्रयोजन नखुलेका, म्याद समाप्त भई म्याद भित्र फिर्ता नलिई बाँकी रहेका म्याद नतोकिएका, प्रयोजन समाप्त भई बाँकी रहेका, करारको शर्तनामा बमोजिम अवधि समाप्त भएका तथा प्रचलित कानून बमोजिम फिर्ता दिन नपर्ने पूराना धरौटी बाँकीको सम्बन्धमा सदरस्याहा

सम्बन्धी कुनै कार्य गरेको देखिएन। तसर्थ, नियममा उल्लेखित व्यवस्था बमोजिम प्रक्रिया पुरा गरी त्यस्ता बाँकी धरौटीलाई यकिन गरी सदर स्याहा गर्नेतर्फ कारबाही प्रक्रिया अगाडी बढाई हिसाब मिलान तथा फरफारक गर्नुपर्दछ ।

३२.२ **धरौटी सदरस्याहा** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७(१) मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानून बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने भएमा जिम्मेवार व्यक्तिले प्रचलित कानून वा करारको शर्तनामामा म्याद तोकिएकोमा सोही म्याद भित्र र म्याद नतोकिएको भएमा तीस दिन भित्र निर्णय गरी दाखिला गर्नुपर्ने, नियम ६७(२) मा न्यायिक वा अर्धन्यायिक निकायमा रहेको धरौटी फिर्ता पाउने ठहर भएको एक वर्षसम्म सम्बन्धित व्यक्ति फिर्ता लिन नआएमा नियम ६७(३) बमोजिम राजश्व खातामा जम्मा गरी हिसाब मिलान मिलान गर्नुपर्ने, नियम ६८ मा नियम ६५ बमोजिम धरौटी रकम जफत वा कट्टा भएको, नियम ६६ मा उल्लेखित अवधी भित्र फिर्ता लिन नआएको, बैंक खातामा जम्मा भएको तर धरौटी खातामा लेखांकन नभएको र धरौटी राखेको रकम हो भन्ने कुरा स्पष्ट नभई बैंक खातामा रहेको धरौटी रकमको अवस्था यकिन गरी राजश्व खातामा आम्दानी बाध्नु पर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार २०८१ आषाढ मसान्त सम्म विभिन्न ५११ व्यक्ति, संस्था, फार्म समिति को नाममा रु.७,७५,६५,५४१।८१ धरौटी बाँकी देखिन्छ । उक्त बाँकी धरौटी कुन प्रयोजनको लागि कुन मितिमा राखेको हो खुल्ने धरौटीको म्याद कहिले सम्म हो खुल्ने धरौटीको व्यक्तिगत विवरण, अभिलेख अद्यावधिक गरेको देखिएन । पालिकाले आर्थिक वर्ष २०६६।६७ मा सदरस्याहाको निर्णय गरेपश्चात हालसम्म सदरस्याहाको कारबाही सम्बन्धी निर्णय गरेको देखिएन । तसर्थः नियमावलीमा उल्लेखित व्यवस्था बमोजिम म्याद समाप्त भई फिर्ता लिन नआएका र कानून बमोजिम फिर्ता गर्न नपर्ने लामो समयसम्म बाँकी रहेका धरौटी हकमा पालिकाले यकिन गरी प्रकृया पुरा गरी धरौटी सदरस्याहा गर्नुपर्दछ ।

## ३३ आर्थिक सहायता वितरण

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकारको प्रयोग गरी भक्तपुर नगरपालिकाको तेह्रौ नगर सभा २०७९ बाट पारित कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने समबन्धी(पहिलो संशोधन) निर्देशिक, २०७९ अनुसार प्रत्येक व्यक्तिलाई वार्षिक रु.१५,००० का दरले उपलब्ध गराउदै आएको छ । यस आर्थिक वर्षमा कडा रोग लागेका २७९ जनालाई वार्षिक रु.१५,००० का दरले रु.४१,८५,००० वितरण गरेको छ । यस आर्थिक वर्षमा पालिकाले आन्तरिक आय रु.६२,००,९१,३९०.०७ संकलन गरेकोमा आन्तरिक आयको आर्थिक सहायतामा ०.६७ प्रतिशत वितरण गरेको छ ।

## ३४ सामाजिक सुरक्षा तथा संरक्षण

३४.१ **अभिलेख अद्यावधिक** - पालिकाभित्र सञ्चालन गरिने वार्षिक कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु र सेवा प्रवाहसम्बन्धी लगायत सबै प्रकारका कार्यक्रम सञ्चालनको लागि निर्दिष्ट गरिएका नीति, ऐन, कानून, निर्देशिका, कार्यविधि एवं निर्णय बमोजिम सम्पन्न गरी गैह्र तथ्याङ्क र तथ्याङ्कसहितको प्रगति प्रतिवेदन बनाई अभिलेख अद्यावधिक र व्यवस्थित गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा ७३५९ जना लाभग्राहीको सामाजिक सुरक्षा बापत रु.३०,६०,३९,८७३.०४ खर्च लेखेकोमा देहायानुसार व्यहोरा देखिएका छन् :

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व. को कार्तिक मसान्तभित्र अनुसूची (२) बमोजिमको ढाँचामा सम्बन्धीत वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा लाभग्राहीबाट दरखास्त लिने गरेको देखिएन ।
- कार्यविधिको दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न स्थानीय समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा समिति गठन भएको र मूल्याङ्कनको कार्य भएको देखिएन ।
- कार्यविधिको दफा ३१ मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समीक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा पालिकाले लाभग्राहीहरुको विवरण सभामा पेश गरी समीक्षा गरेको देखिएन ।
- सोही कार्यविधिको दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुले समेत सार्वजनिक गरी राख्नुपर्नेमा दफा (३४) बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा

कम्तिमा एकपटक सामाजिक कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा वेभसाइटमा राख्ने तथा सार्वजनिक सुनुवाई गरेको देखिएन ।

तसर्थ: कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहीहरु दर्ता, नविकरण, लगतकट्टा समेतको अद्यावधिक अभिलेख तयार गरी सार्वजनिकीकरण गर्नुपर्दछ ।

३४.२ **लाभग्राहीको खातामा गत विगतको मौज्दात** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लगत कट्टा र लगत अभिलेख अद्यावधिक गर्नुपर्ने, दफा १५ (३) मा भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्ष भित्र रकम बुझिसक्नुपर्ने, दफा १५(४) मा मृत्यू भएका लाभग्राहीको मृत्यू भएको दिन सम्मको निजको हक वालाले रकम प्राप्त गर्न सक्ने व्यहोरा उल्लेख छ । सोही कार्यविधिको दफा २३(५) मा सामाजिक सुरक्षा भत्ताको खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने र दफा २३(६) बमोजिम उक्त खातामा जम्मा रहेको रकम मध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न सम्बन्धित स्थानीय तह वा विभागबाट लेखि आएमा सोही बमोजिम रोक्का वा फिर्ता गर्नुपर्ने उल्लेख छ । नेपाल सरकारले बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ अनुसार एक व्यक्ति एक बैंक खाता हुनुपर्ने र पालिकाहरुले forward feed(excel sheet) मार्फत बैंकहरुलाई सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले पाउने रकम तोकी खातामा राखिदिने शर्तमा पठाउने गरेको थियो । नगरपालिकाले आ व २०८०।८१ देखि piloting को रुपमा EFT प्रणाली मार्फत भत्ता वितरण व्यवस्था मिलाएको देखियो । तर, यस भन्दा अगाडिको forward feed प्रणालीबाट चेक मार्फत बैंकलाई लाभग्राहीहरुको खाता मार्फत भुक्तानी गर्न excel sheet पठाएको रकम गत विगत वर्षहरुको भत्ता रकम सम्बन्धीत आर्थिक वर्ष भित्रमा बुझिसक्नुपर्नेमा केही लाभग्राहीहरुको रकम बाँकी रहेको आधारमा नगरपालिकाले सो सम्बन्धी विवरण माग गरी मिति २०८१ माघ १८ पत्राचार गरेकोमा देहाय अनुसार ६ वटा बैंकबाट प्राप्त विवरण अनुसार ५१६ जना लाभग्राहीहरुको न्यूनतम रु.१६६.०८ देखि अधिकतम रु.१,९४,८१६.५७ गरी रु.२,८९,८९,५३८.९२ लामो समयदेखि लाभग्राही खातामा रहेको देखियो ।

३४.३ लाभग्राहीको खातामा रकम रहनुका कारणहरु :

- KYC Update नभएको,
- नगरपालिकाले excel sheet मा इमेल पठाएको तर reverse feed मा upload नगरेको,
- सम्पर्कविहिन व्यक्तिहरुको सामाजिक सुरक्षा परिचय पत्रमा नभएकाहरुको रकम सामाजिक सुरक्षा (विशेष) बचत खातामा रहेको,
- सुरुमा Dummy account खोली सुरक्षा भत्ता जम्मा गरिने भएकाले खाता सञ्चालन नभई लाभग्राहीको मृत्यु हुनु,
- कुनै-कुनै लाभग्राही परिवारको एक्लो हुनु, मृत्युपश्चात मृत्यु दर्ता सूचक नहुनु र बैंकको भत्ता दाबी नगर्नु,
- स्थायी ठेगाना भन्दा अन्यत्र बढी बसोबास गर्नाले जनप्रतिनिधिले लाभग्राहीको स्थिति यकिन गर्न नसक्नु,
- बैंकिङ्ग प्रणालीको सुरुवाती चरणमा शत प्रतिशत लाभग्राहीको भत्ता नविकरण नहुनु,
- मृत्यु भएको जानकारी सम्बन्धीत निकायलाई पछि हुनु, समयमै लगत कट्टा नुहुनु,
- VERSP-MIS प्रणालीमा एकै व्यक्तिको नाम दोहोरो दर्ता भई दोहोरो रुपमा Dummy A/C सञ्चालन हुनु, दुबै खातामा भत्ता रकम जम्मा हुनु,
- एकै व्यक्तिको नाम VERSP-MIS प्रणालीमा दोहोरो दर्ता भई दोहोरो रुपमा Dommy Account सञ्चालन हुनु र दुवै खातामाहरुमा समेत सामाजिक सुरक्षा भत्ता रकम जम्मा हुनु,
- सामाजिक सुरक्षा लाभग्राहीको खातामा रकम जम्मा गरी सकेको रकम पुनः फिर्ता गर्न नीतिहरुमा व्यवस्था नहुनु ।

व्यक्तिगत घटना दर्तामा मृत्यु दर्ता गर्दा सामाजिक सुरक्षा लाभग्राहीको स्वत : लगत कट्टा हुने प्रणाली भएतापनि पूर्ण रुपमा कार्य नगर्नु (लगत कट्टा भईसकेको अवस्थामा समेत बैंकमा रकम जम्मा भइरहनु) लगायत कारण रहेका छन् ।

३४.४ अत : सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को उल्लिखित व्यवस्था बमोजिम सम्बन्धीत बैंकहरुले आर्थिक वर्ष भित्र लाभग्राहीहरुले नबुझी खातामा बाँकी रहेको रकम ५ वटा बैंकहरुका १० वटा शाखामा बाँकी रहेको देहाय बमोजिमको रु.२,८९,१९,९२७।६७ सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| क्र सं. | बैंकको नाम | लाभग्राहीको वडा नं | निष्क्रिय रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ग्लोबल आइ एम ई बैंक कमल विनायक | १० | ३८८३१.५० | १ जना लाभग्राहीको निष्क्रिय रकम |
| २ | कुमारी बैंक लिमिटेड भक्तपुर शाखा | ३ | ९५०९४५.८४ | १० जना लाभग्राहीको पार्किङ्ग खातामा बाँकी |
| ३ | कुमारी बैंक लिमिटेड भक्तपुर शाखा | १ र ३ | ३२८१८०६.२४ | १२२ जना लाभग्राहीको Dormant खाताको बाँकी |
| ४ | कुमारी बैंक लिमिटेड भक्तपुर शाखा | १ र ३ | ८६१८३.६७ | ९ जना लाभग्राहीको बन्दी पार्किङ खाताको बाँकी |
| ५ | कुमारी बैंक लिमिटेड जगाती शाखा भक्तपुर | ७ | ४६०८१४८.२४ | २६ जना लाभग्राहीको KYC Updet नभई खाता निष्क्रिय भई बाँकी |
| ६ | नेपाल बैंक लिमिटेड कमल विनायक शाखा | २ | ५७३९९३६.९२ | ७३ जना लाभग्राहीको कारोबार नभई निष्कृय रकम बाँकी |
| ७ | सिद्धार्थ बैंक लिमिटेड जगाति व्यासि भक्तपुर | ४ | ४०७८८३८.९२ | ६७ जना लाभग्राहीको KYCUPDET नभई बाँकी रहेको |
| ८ | सिद्धार्थ बैंक लिमिटेड च्याम्हसिंह कमल विनायक भक्तपुर | ९ | ५२८९८६१.५२ | ८८ जना लाभग्राहीको KYCUPDET नभई बाँकी रहेको |
| ९ | सिद्धार्थ बैंक लिमिटेड च्याम्हसिंह कमल विनायक भक्तपुर | ९ | २२४५२०५.७२ | ३१ जना लाभग्राहीको लामो समय कारोबार नभई निष्कृय खातामा बाँकी रहेको |
| १० | लक्ष्मी सनराईज बैंक लिमिटेड | ४ | २६००१६९.१० | ८० जना लाभग्राहीको निष्कृय खातामा बाँकी रहेको रकम |
| **जम्मा** | | | **२८९१९९२७.६७** | |

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **६९,६११.२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८९,१९,९२७.६७ |

३५ **बैंकिङ भुक्तानी प्रणाली**

नेपाल सरकार प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति परियोजना, प्रतिस्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा बैंकिङ्ग, च्यानलबाट भुक्तानी गर्ने प्रक्रियाको प्रारम्भ गर्नुपर्ने भनी नेपाल सरकार मन्त्रिपरिषदले मिति २०७५ साउन १ गते निर्णय गरेको छ । पालिकाले प्रमुख, उपप्रमुख लगायत पदाधिकारी एवं कार्यपालिकाका सदस्य ४५ जनालाई पारिश्रमिक सुविधा वापत रु.७५,६८,००० भुक्तानी गरेकोमा सम्बन्धीतले नगद बुझेको भरपाई संलग्न गरेको देखिन्छ । कर्मचारी एवं पदाधिकारीको पारिश्रमिक सुविधा उपयुक्त एवं विद्युतीय प्रणाली मार्फत भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।

३६ **कार्य सम्पन्न प्रतिवेदन**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २७१३१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको उपक्रियाकलाप र कार्यान्वियन प्रक्रिया सम्बन्धमा उल्लेख छ । कार्यक्रम कार्यान्वियन गर्दा प्रथमतः बजेटको परिधिभित्र रही निर्धारित दररेट अनुसार विद्यालयमा अनुदान दिने व्यवस्था छ । पालिका र देहायका विद्यालयहरु बीच मिति २०८१ बैशाख १८ गते मा भएको सम्झौता बमोजिम विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, पुस्तकालय स्थापना तथा व्यवस्थापन, विज्ञान प्रयोगशाला र सिकाई सुदृढिकरणका लागि सिकाई अनुदान वापत रु.३८,५०,००० निकासा गरेको छ । कार्यसम्पन्न गर्नुपर्ने अवधी २०८१ जेष्ठ मसान्त सम्म तोकिएको छ । सम्झौताको बुँदा नं ८ मा तोकिएको अवधी भित्र कार्यसम्पन्न गरी खर्चका विल भरपाई पालिकामा पेश गर्नुपर्ने, बुदा नं १० मा भुक्तानी माग गर्न आवश्यक कागजात प्रमाण, कार्यसम्पन्न प्रतिवेदन, विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको विद्यालयको पत्र र नगरपालिकाको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख भएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश भएको देखिएन । कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम प्रगति प्रतिवेदन र सम्झौता अनुसार कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| सि नं | विद्यालयको नाम | कार्यक्रम/अनुदान शीर्षक | अनुदान निकासा |
|---|---|---|---|
| १ | पद्मा माध्यामिक विद्यालय | विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन | ३२००००० |
| २ | सरस्वती विद्यागृह माध्यामिक विद्यालय | विज्ञान प्रयोगशाला | ६५०००० |
| जम्मा | | | ३८५०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,५०,००० |

३७ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को वृंदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरूप भए नभएको निधारण गर्न सूचना प्रविधी विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले आन्तरिक आय संकलन कार्यको लागि सफ्टवेयर खरिद गरी साँग्रिला सफ्टवेयरलाई वार्षिक शूल्क वापत यस वर्ष रु.३,३६,२२८ भुक्तानी गरेको छ । खरिद गरिएका सफ्टवेयरको सूचना प्रविधी विभागवाट स्वीकृत लिएको देखिएन । त्यस्ता सफ्टवेयर स्वीकृत लिई संचालन गर्नुपर्दछ ।

३८ **सम्पत्ति कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ अनुसार नगरपालिकाको क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल गर्नुपर्ने व्यवस्था उल्लेख छ साथै भक्तपुर नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा २ मा नगरपालिका क्षेत्र अनुसूची – १ मा तोकिए बमोजिम एकीकृत सम्पत्ति कर असूल गर्नुपर्ने व्यवस्था छ । पालिका भित्रका करदाताको लेखापरीक्षणको क्रममा पेश हुन आएका फाईल परीक्षण गर्दा देहायका करदाताको सम्पत्ति कर असुल गर्न बाँकी रहेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका करदाताहरुको असुल गर्न बाँकी विवरण अद्यावधिक गरी कर असुल गरी आन्तरिक आयको दायरा विस्तार गर्नेतर्फ पहल गर्नुपर्दछ ।

| क्र.स. | वडा नं | करदाताको नाम | कर तिर्न बाँकी आर्थिक वर्ष | जग्गाको कायम मूल्य | संरचनाको कायम मूल्य | कुल सम्पत्ति | तिर्नुपर्ने कर | तिरेको कर | असुल गर्नुपर्ने कर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | एभरेष्ट फर्मास्युटिकल्स (करदाता संकेत नं १५-०४-०००२) | २०७९।८० र २०८०।८१ | ६१३२५००० | ३३५२७६१९ | ९४८५२६१९ | १२३९१६७ | ० | १२३९१६७ | |

३९ **शैक्षिक ऋण लगानी**

३९.१ **शैक्षिक ऋण** - भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका (पहिलो संशोधन), २०७९ को दफा २ अनुसार भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखी एस.ई.ई. परीक्षा पछि अध्ययन गरिने डिप्लोमा तहको प्राविधिक विषयको अध्ययन वा स्नातक तह वा सो भन्दा माथिको शैक्षिक तहको अध्ययनको लागि नगरपालिकाले रु.५ लाख रुपैयासम्म दिन सक्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ देखि शैक्षिक ऋण प्रदान गर्न सुरु गरकोमा आर्थिक वर्ष २०७९।८० सम्म ३४४ विद्यार्थीसँग ऋण दिने सम्बन्धमा सम्झौता गरी कुल ऋण रु.९,२४,४५,३०३ र आर्थिक वर्ष २०८०।८१ मा थप १०४ जना विद्यार्थीको लागि रु. ३,३७,०३,३८० थप ऋण लगानी गरेको समेत ४४८ जनाको लागि देहाय बमोजिम हालसम्म कुल लगानी रु.१२,६१,४८,६८३ गरेको देखिन्छ । पालिकाले सफ्टवेयर प्रणाली नअपनाएको कारण सम्झौता बमोजिम ऋण प्राप्त गर्ने विद्यार्थीको ऋण असूली अवधी, म्याद नाघेको अवधीमा असुल हुँना बाँकी रहेको साँवा ब्याज र हर्जनाको विवरण एकिन गर्न सकिएन । सम्झौता बमोजिम साँवा तथा ब्याज तोकिएको समयावधी भित्र असुल गर्नुपर्दछ ।

| **आर्थिक वर्ष २०८०।८१ आषाढ मसान्त सम्मको शैक्षिक ऋण विवरण** | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र स** | **आर्थिक वर्ष** | **विद्यार्थी संख्या** | **ऋण लागनी रु.** | **साँवा प्राप्त रु.** | **व्याज प्राप्त रु.** | **ऋण चुक्ता संख्या** |
| १ | २०७५।७६ | ११ | १८१६२५० | ० | ० | ५१ |
| २ | २०७६।७७ | ५३ | ९२१०११७ | ० | ० | |
| ३ | २०७७।७८ | ६१ | १४८४४२४८ | २११००० | ३२९०१ | |
| ४ | २०७८।७९ | ११२ | ३०९४६०७६ | १६३१९२८ | १६९५१९ | |
| ५ | २०७९।८० | १०७ | ३५६२८६१२ | २८५९१७९ | ६६२२१९ | |
| ६ | २०८०।८१ | १०४ | ३३७०३३८० | ६४९२८६३ | २३८५५५२ | |
| **जम्मा** | | **४४८** | **१२६१४८६८३** | **१११९४९७०** | **३२५०१९१** | |

३९.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ मा सरकारी कारोबारको लेखा राख्ने, लेखाङ्कन गर्ने तथा प्रतिवेदन गर्ने प्रकृया लेखाका मान्य सिद्धान्त यस क्षेत्रमा विकसित भएका नविनतम अवधारणा र तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई तोकिएको आधारमा प्रदेश तथा स्थानीय तहले लागु गर्न सक्ने उल्लेख छ । पालिकाले शैक्षिक ऋण प्राप्त गर्ने विद्यार्थीहरुलाई ऋण प्रदान गरेको रकम, विद्यार्थी सँग सम्झौता भएको मिति,ऋणको सावा,व्याज

र हर्जना असुली भएको र हुन बाँकीको रकम र ऋण चुक्ता हुनुपर्ने अन्तिम मिति लगायत विवरण खुल्ने गरी अभिलेख व्यवस्थित गरेको देखिएन । शैक्षिक ऋण तर्फको छुट्टै विवरण तयार गरे पनि ऋण लगानी र सो को प्रत्येक वर्ष उठ्न बाँकी व्याजको गणना गरेको छैन । शैक्षिक ऋणमा हालसम्म भएको लगानीलाई वित्तीय विवरणमा समावेश नगरिएकोले शैक्षिक ऋणको यथार्थ अवस्थाको चित्रण गरेको छ भनि आश्वस्त हुन सकिएन । हालसम्मको ऋण लगानी, सावा, व्याज र हर्जना असुली र असुल गणना हुन बाँकीको अद्यावधिक विवरण खुल्ने गरी ढाँचा स्विकृत गरी तोकिएको आधारमा कारोबारको अभिलेख राख्नुपर्दछ ।

३९.३ भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्वन्धमा वनेको निर्देशिका (पहिलो संशोधन), २०७९ को दफा ४ अनुसार विद्यार्थीलाई अध्ययनको लागि प्रदान गरिने शैक्षिक ऋण बार्षिक ६ प्रतिशतको दरले ब्याज लिने व्यवस्था छ । त्यसैगरी दफा ५ मा ऋण लिएका विद्यार्थीहरुले आफुले लिएको सावाँ तथा व्याजको भुक्तानी शैक्षिक कोर्षको अन्तिम परीक्षा दिएको मितिले पहिलो वर्ष भित्र २५ प्रतिशत, दोश्रो वर्ष भित्र ५० प्रतिशत, तेश्रो वर्ष भित्र ७५ प्रतिशत र चौथो वर्ष भित्र १०० प्रतिशत भुक्तानी गरिसक्नुपर्ने र उपरोक्त समयावधी भित्र ऋणको सावाँ व्याज भुक्तानी नगरेमा बुझाउन बाँकी साँवा व्याजको ५ प्रतिशत हर्जना असुल गर्ने व्यवस्था छ । पालिकाले २०७५।७६ मा शैक्षिक ऋण प्रदान गरेका २ वर्षीय कोर्ष अध्ययन गर्नेको कोर्षको अन्तिम परीक्षा सकिएको २०७७।७८ मा १ वर्ष हुने र २०७९।८० मा ३ वर्ष पुगिसक्ने साथै ३ वर्षे कोर्ष अध्ययन गर्नेको कोर्षको अन्तिम परिक्षा सकिएको २०७८।७९ मा १ वर्ष र २०७९।८० मा २ वर्ष पुग्ने त्यसैगरी ४ वर्षे कोर्ष अध्ययन गर्नको लागि शैक्षिक ऋण लिनेको २०७९।८० मा कोर्षको अन्तिम परीक्षा सकिएको १ वर्ष पुग्ने एवं रितले २०७६।७७, २०७७।७८ मा शैक्षिक ऋण लिनेको समेत कोर्षको अन्तिम परीक्षा सकिएको अवधी नाघ्ने भएकोले पालिकाले शैक्षिक ऋण लिएका विद्यार्थीहरुको अभिलेखको सफ्टवेयर प्रणाली मार्फत व्यवस्थित गरी कति विद्यार्थीको शैक्षिक कोर्षको अन्तिम परीक्षा दिएको अवधी १,२,३ र ४ वर्ष पुरा भई किस्ता एवं ऋण तिर्न बाँकी छ, साँवा ब्याज र हर्जना समेत असूल गर्न बाँकी हो खुल्ने गरी अभिलेख तयार गर्नुपर्दछ ।

## ४० पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाको पेश्की बाँकी रहेको मध्ये लेखापरिक्षणको अवधीसम्म फछ्र्यौट भएको पेश्की बाहेक फछ्र्यौट हुँन बाँकी पेश्की मात्र पेश्की बाँकीको विवरणमा जनाइएको छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई पेश्की रु.३२ लाख १० हजार पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्र्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

| भौ नं मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
|---|---|---|---|---|---|
| २७२। २०८१। २।२९ | क्वाकचा गणेश मन्दिर र गोल्मढी गहिटी मर्मत कार्य | गोलमढी ग:हिटी मर्मत उ स जयराम ह्याउमिंखा | ६५०००० | ० | ६५०००० |
| ३९८। २०८१। ३।१९ | अरनिको सभा भवन निर्माण | अरनिको सभा भवनको दक्षिणतर्फको ग्याविड वाल निर्माण तथा भूमिगगतपानी व्यवस्थापन कार्य उस गोविन्दराम त्वानावासु | १५००००० | ० | १५००००० |
| १९। २०८१। ३।२२ | भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं ९ लिवीमा बहुउद्वेश्यीयसामुदायिक भवन निर्माण | भनपा वडा नं. ९ स्थित सामुदायिक भवन निर्माण कार्य उ सलक्ष्मीकुमार भैनात्व | १०६०००० | ० | १०६०००० |
| **कुल जम्मा** | | | **३२१००००** | **०** | **३२१००००** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,५००,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ३२,१०,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : भक्तपुर नगरपालिका, भक्तपुर , भक्तपुर नगरपालिका , भक्तपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विजय कुमार शर्मा | २०८०-१-१ | २०८०-८-१५ |
| कार्यालय प्रमुख | बसन्त भट्टराई | २०८०-८-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राम सुन्दर सुजखु | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३२,७०१,६०४.९२ | १,९६६,३३२.६५ | १२,४६०,४०० | ० | ० | ४,७१०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५१,८३८,३३७.५७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ७,४८२,०११.२५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४४,३५६,३२६.३२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २५६२४०१३३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६३४३७०००० | चालु खर्च | ८१००८७७९७ |
| प्रदेश सरकारबाट अनुदान | ४८०११००० | पूँजीगत खर्च | ३७५३८९६९६ |
| राजश्व बाँडफाँट | १०५५५११७३ | वित्तीय/अन्य व्यवस्था | ५७७९०६९५६ |
| आन्तरिक आय | ६१९९३१६१७ | | |
| अन्य आय | ५५७४९९२३८ | | |
| कुल आय | १९६५३६३०२८ | कुल खर्च | १७६३३८४४४९ |
| बाँकी मौज्दात | | ४५८२१८७१२ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।